भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं. ६६१४६८६

**शेयर बजारसम्बन्धी अभिमुखीकरण कार्यक्रम**

**कार्यक्रमः**
**मिति** : २०८३ जेठ ८ गते, शुक्रबार
**समय** : दिउँसो ४ बजे
**स्थान** : सहकारी भवन
**सहभागी शुल्क** : रू. ५०।-
**सहभागी सङ्ख्या** : ५० जना
**अन्तिम दर्ता मिति**: २०८३ जेठ ७ गते
**प्राविधिक सहयोग** : नेपाल धितोपत्र बोर्ड/भिजन सेक्युरिटिज प्रा.लि.

***आयोजक : युवा उपसमिति***

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं**

❖ धारा खुला छोड्ने बानी त्यागौं,
❖ वर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं,
❖ नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
❖ घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
❖ प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
❖ वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
❖ भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ११७ ★ ने. सं. ११४६ अनाला थ्व, चतुर्थी ★ बुधबार ★ ६ जेठ, २०८३ ★ May 20, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - १८

**के.एम.सी. अस्पताल सिनामङ्गलका डा. विनिता प्रधान**

भदौ २३ गते दिनको करिब १३:४५ बजेतिर हाम्रो अस्पतालमा घाइतेहरू ल्याउने क्रम सुरु हुन थाल्यो । आन्दोलनका घाइतेहरू हात खुट्टामा चोट लागी आउनेमा उक्त दिनका घाइतेहरूको छाति र टाउकोमा गोली लागेको थियो । रातको करिब २२ बजेसम्म डे सिफ्टका डाक्टरहरू र नर्सहरू उपचारमा संलग्न भइयो । भोलिपल्ट भदौ २४ गते छाति र टाउकोमा चोट लागेका घाइते देखिएन, पेट तिर छर्रा लागेका, Burn केसहरू आएका थिए । सबै घाइतेहरूको निःशुल्क उपचार गरियो । अस्पतालमा पूर्वमन्त्री मो. आफताव आलमको उपचार गरिएकोले प्रदर्शनकारीहरूबाट अस्पताललाई समेत Target गरिएको सूचना आइरहेको र निजलाई बाहिर निकाल्नुहोस् नत्र ठीक हुँदैन भनी धम्की आएकोले अर्को मानसिक तनाव खेप्न परेको थियो ।

**सिभिल अस्पताल नयाँ बानेश्वरका डा. रमेश पन्त**

काठमाडौं उपत्यकाभित्र टिचिङ, आर्मी, वीर, पाटन र सिभिल अस्पताललाई हव अस्पताल तोकिएको छ । सिभिल अस्पतालको सेटलाइट अस्पतालहरू भक्तपुरका सबै, काठमाडौंका के.एम.सी., भेनस, तिलगंगा, एभरेस्ट अस्पताल हुन् । केएमसी अस्पतालका डा. विनिता जोशी र भक्तपुर अस्पतालसमेतमा सम्पर्क गरेर अवस्थाको बारेमा बुझे । अस्पतालमा Neuro Surgery को उपचार नहुने भएको कारणले त्यस्ता बिरामीहरूलाई राष्ट्रिय ट्रमा सेन्टर र टिचिङ अस्पताल रेफर पठाइँदा अवरोधहरू भयो, बल्ल बल्ल लगियो, एम्बुलेन्स तोडफोड भयो । अस्पतालभित्रै पनि असुग्याँसले आँखा पोलिरहेकोले मानसिक समस्यासमेत खेप्नुपर्‍यो । भदौ २३ गते २५२ जना घाइतेहरू उपचारको लागि आएकामा तीन जनाको मृत्यु भयो ।

भदौ २४ गते बिहानै हालका प्रम सुशीला कार्की, माननीय डा. तोसिमा कार्कीसमेत अस्पताल आउनुभएको थियो । १२:३० देखि गोली लागेका प्रदर्शनकारीहरू र बर्दीमा रहेका घाइते प्रहरीहरू ल्याइयो । भदौ २४ गते २१० जना घाइतेहरूको उपचारको लागि आएकोमा तीन जनाको मृत्यु भयो । बेड भर्ना गराई ५० जनाको अपरेसन गरियो ।

**प्रत्यक्षदर्शी सुवास खत्री**

मैले काठमाडौं चाबहिल चोकमा सुवर्ण स्नोकर हाउस सञ्चालन गरी आएको छु । भदौ २३ गतेका दिन के कति कारणले प्रदर्शन भड्किन पुगी सुरक्षाकर्मीहरूबाट गोली चलाउने अवस्था आयो मलाई थाहा छैन । भदौ २३ गते भएको क्षतिको कारण राज्यसँग आक्रोसित जनताले भदौ २४ गते बिहानदेखि चौतर्फी आन्दोलन गरिरहेका थिए । आन्दोलनको क्रममा प्रहरी कार्यालयहरू र अन्य सरकारी कार्यालयहरू, सङ्घीय संसद् भवन, उच्च तहका व्यक्तिहरूको निजी निवासहरू समेतमा तोडफोड आगजनी भइरहेको थियो । गौशाला प्रहरी कार्यालयमा तोडफोड भइरहेको भनी हेर्नको लागी म र उमेश महत गयौं । दिनको १–२ बजे उमेश महतको दाहिनेतर्फ छात्तिमा गोली लागि ढले । उपचारको क्रममा लगभग ४–५ बजेतिर चिकित्सकद्वारा मृत्यु घोषणा गरिदिए । भदौ २४ गतेको विरोध कार्यक्रममा तोडफोड आगजनीजस्ता विध्वंसात्मक कार्य हुनुमा अन्य कुनै समूहको घुसपैठमा भएको शङ्का लाग्छ ।

# गुठी जग्गाबारे नेक्राकिसङ्घको ध्यानाकर्षण

नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिको आयोजनामा देको-मिवा-इटापाके आवास योजनालगायत देशभरिका आवास योजनामा पर्ने गुठी जग्गाका मोहीहरूको मोहीयानी हक कायम गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारको ध्यानाकर्षणको लागि जिल्ला प्रशासन प्रमुखलाई मङ्गलबार ज्ञापनपत्र बुझाउने कार्यक्रम सम्पन्न भयो ।



ज्ञापनपत्र बुझाउँदै नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले विगतमा नेपाल क्रान्तिकारी किसान सङ्घले नेपाली काङ्ग्रेस, नेकपा एमाले र माओवादी पार्टीको सरकारसँग पनि किसानहरूको समस्यालाई लिएर समय समयमा ज्ञापनपत्र दिँदै आएको स्मरण गराउँदै हाल आएर वर्तमान सरकारले आवास योजनामा परेका गुठी जग्गाका मोहीहरूको हक बेदखली गर्ने हिसाबले गुठी सञ्चालक समितिले गुठी जग्गामा बाटो कायम गर्नेसम्बन्धी कार्यविधि, २०७३ को दफा ६ संशोधन किसानविरोधी कार्य गरेको हुँदा नेपाल सरकारको ध्यानाकर्षणको लागि ज्ञापनपत्र बुझाउन आएको बताउनुभयो । उहाँले गुठी जग्गा गरिरहेका मोही किसानको मोही हक आधा कायम गरी आवास योजनाको नियमअनुसार अन्य जग्गा धनीसरह जग्गा कटौती गरी गुठी संस्थानले लालपुर्जा फिर्ताको बन्दोबस्त गर्नको लागि माग गर्नुभएको थियो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले ज्ञापनपत्र वाचन गर्दै दुईतिहाइको मत लिएर वर्तमान सरकारले जनविरोधी तथा किसानविरोधी कार्य गरेको बताउनुभयो । गुठी सञ्चालक समितिले गुठी जग्गामा बाटो कायम गर्नेसम्बन्धी कार्यविधि, २०७३ को दफा ६ संशोधनले गुठी जग्गाका मोहीहरूको स्वामित्व पूर्णरूपमा उन्मूलन गरी गुठी संस्थानले मोहीहरूलाई जग्गाको स्वामित्वमा बेदखल गरेको छ । यसबाट नेपालको संविधानले प्रदान गरको मौलिक हकसमेत हनन हुन गई मोहीहरूलाई भूमिहीन बनाउने कार्य गरेको छ । यसतर्फ नेपाल क्रान्तिकारी किसान सङ्घको ध्यानाकर्षण भएको छ । मोही किसानहरूलाई भूमिहीन हुने गरी दफा संशोधन गर्ने गुठी संस्थानको कार्यप्रति सङ्घले खेद व्यक्त गरेको छ गुठी जग्गा गरिरहेका मोही किसानको मोही हक आधा कायम गरी आवास योजनाको नियमअनुसार अन्य जग्गा धनीसरह जग्गा कटौती गरी गुठी संस्थानले लालपुर्जा फिर्ताको बन्दोबस्त गर्नको लागि सङ्घले माग गरेको हो ।

ज्ञापनपत्र बुझाउने क्रममा गुठी जग्गा गरिरहेको मोही किसान लक्ष्मीप्रसाद सिमाकले गुठी संस्थानमा तीन तीन वर्ष धाउँदा पनि पुर्जा नदिएकोले बाध्य भई पुर्जाबिना आफूले घर बनाएको हुँदा आफूहरू धेरै पीडित भएको चर्चा गर्दै अब आएर उक्त घर र जग्गाको स्वामित्वबाट समेत बेदखल गर्ने नीति पास गरेर जनविरोधी कार्य गरेको बताउनुभएको थियो । ज्ञापनपत्र बुझाउनेक्रममा अन्य गुठी जग्गा गरिरहेको पीडित किसानहरूले पनि आ-आफ्नो गुनासो व्यक्त गर्नुभएको थियो । सोही माग राखी गुठी संस्थान कार्यालय भक्तपुर शाखामा पनि ज्ञापनपत्र

***बाँकी पृष्ठ २***

**भक्तपुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**दाफा प्रदर्शनीबारे भक्तपुर नगरपालिकाको सूचना**

भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी हुने भएकोले निर्धारित मितिभित्र दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**दर्ता गर्ने अन्तिम मिति** : २०८३ जेठ १० गते
**समय** : कार्यालय समयावधिमा
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी
: भक्तपुर नगरपालिकाका वडा कार्यालयहरू
: जनज्योति पुस्तकालय, इताछेँ, नःपुखु
**दर्ता शुल्क** : रू. १००।- प्रतिसमूह

**कार्यक्रम**
**मिति** : २०८३ जेठ १५ गते, शुक्रबार
**र्‍याली सुरू हुने स्थान** : दत्तात्रय, भनपा-९
**समय** : बिहान १० बजे
**दाफा प्रदर्शनी हुने स्थान** : नासमना टोल, भनपा-३
**समय** : बिहान ११ बजे

**दाफा प्रदर्शनीसम्बन्धी नियमहरू**
१) एउटा समूहमा वाद्यवादन र गायनसमेत गरी बढीमा १६ जना कलाकारहरू सहभागी हुन सक्नेछन् । एउटै कलाकार एकभन्दा बढी समूहमा सहभागी हुन पाइनेछैन ।
२) वाद्यवादनमा लालाखीं, झ्यालिंचा र तँ अनिवार्य हुनुपर्नेछ भने संगती बाजाको रूपमा पोङा, नौ बाजालगायतका बाजाहरू समावेश गर्न सकिनेछ ।
३) प्रत्येक समूहलाई राग बढीमा ३ मिनेटसम्मको हुने गरी जम्मा १५ मिनेट समय प्रदान गरिनेछ ।
४) सहभागी दाफा समूहले तल उल्लेखित दाफा गीतमध्ये कुनै एक छनोट गरी फाराममा उल्लेख गर्नुपर्नेछ ।
क) हाय् हाय् राम राम (रणजीत मल्लको रचना)
ख) पचली भैरव
ग) करूणामय
घ) हाय् हाय् बालख
ङ) गोरा अर्थात् गोला (साची)
च) निदान (एकताल)
छ) नासःद्यो
ज) राम नाम (चाली)
झ) मनकामना
ञ) जय नमोः
ट) जति
ठ) श्याम बिना
५) सहभागी समूहका सदस्यहरूको पोशाकको एकरूपता र मञ्चमा प्रस्तुतीकरण शैलीलाई विशेष ध्यान दिइनेछ । समूहमा महिलाको उपस्थितिलाई उत्साहित गरिनेछ ।
६) दाफा प्रदर्शनीमा प्रस्तुतिको क्रम गोला प्रथाबाट निर्धारित गरिनेछ । प्रथम प्रस्तुत गर्ने समूहले द्यो ल्हाय् गर्नुपर्नेछ भने अन्तिम समूहले आरती पनि दिनुपर्नेछ ।
७) दाफा प्रदर्शनीमा सहभागीमध्ये उत्कृष्ट ५ वटा समूहलाई विशेष प्रोत्साहन गरिनेछ ।

**समय बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह रोड-०८, भक्तपुर, फोन नं ०१-६६१५३१५, ६६२०३१५

**कर्जा तिर्न आउनेबारे १५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८३/०२/०६**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले धितो सुरक्षण राखी व्यापार व्यवसाय कर्जा शीर्षकअन्तर्गत विभिन्न मितिमा कर्जा लिएकोमा सहकारी संस्थासँग गरेको कर्जासम्बन्धी सर्त कबुलियतबमोजिम समयमा कर्जा तिर्न बुझाउनुपर्नेमा सो रकम नबुझाएको हुँदा कर्जा चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जा र कम नबुझाई संस्थाको सर्त बन्देज उल्लङ्घन गरेको हुँदा संस्थामा तिर्न बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्पूर्ण ऋण रकम चुक्ता गर्न आउनु र रकम बुझाई सकेको भए सोको प्रमाणसहित संस्थामा उपस्थित हुन आउनुहोला । अन्यथा समयभित्र संस्थाको ऋण चुक्ता नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुनबमोजिम संस्थामा भए गरेका लिखतअनुसार धितो सुरक्षणमा र हेको जायजेथा/अचल सम्पत्ति लिलाम बिक्री गरी कर्जा असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो सुरक्षणमा रहेको सम्पतिको विवरण |
|---|---|
| **नाम** : दीपक गिरी<br>**बुबा** : कमल गिरी<br>**बाजे** : टंकबहादुर गिरी<br>**ठेगाना** : भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं. ८ | रिना गिरी र भवानी थापाको संयुक्त नाममा दर्ता रहेको भक्तपुर जिल्ला साबिक ताथली गा.वि.स. वडा नं. १ भई हाल परिवर्तित चाँगुनारायण नगरपालिका वडा न. ९ कित्ता नं. १६८ को क्षेत्रफल २-६-०-० जग्गा पूरै |



रोपाइँ गर्न ट्याक्टरले खेत जोत्दै
काभ्रेपलाञ्चोकको पनौती नगरपालिका वडा नं ९ स्थित भण्डारी गाउँमा रोपाइँ गर्न ट्याक्टरले खेत जोत्दै किसान । *तस्बिर: पेमा लामा/रासस*

# मानव वन्यजन्तु द्वन्द्व अन्त्य गर्न प्राविधिक समितिको कार्यदल गठन

काठमाडौँ, ५ जेठ । कृषि, वन तथा पर्यावरण मन्त्रालयले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि प्राविधिक समितिको कार्यदल गठन गरेको छ । वन्यजन्तुबाट हुने क्षति नियन्त्रण, नीति तथा कार्यक्रम सुधार र स्थानीय तहमा प्रभावकारी कार्यान्वयनका लागि सो कार्यदल गठन गरिएको हो ।

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन विशेषज्ञसहितको १५ सदस्यीय 'टास्क फोर्स' गठन गरिएको छ । सो कार्यदलले वन्यजन्तुबाट हुने क्षतिको अध्ययन-अनुसन्धान, वर्तमान अवस्थाको समीक्षा तथा आवश्यक नीति र कानुन संशोधनका लागि सिफारिस गर्नेछ । सूचकका आधारमा २० वटा वडामा नमुना परियोजना छनोट गरी कार्यान्वयन, प्राविधिक सहयोग तथा अनुगमन गर्ने जिम्मेवारी पनि कार्यदललाई दिइएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै कार्यक्रम कार्यान्वयन गरिने तथा क्षतिग्रस्त बालीनालीको राहत प्रणालीलाई सरल, प्रभावकारी र समयसापेक्ष बनाउन सुझाव दिने व्यवस्था गरिएको छ । कार्यदलले दिएको सुझावका आधारमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्य गरिने मन्त्रालयले जनाएको छ ।

पछिल्लो समयमा जङ्गली जनावरहरू बस्ती क्षेत्रमा आएर आक्रमण तथा बालीनाली नोक्सानी गर्न थालेपछि सम्बन्धित क्षेत्र तथा सरोकारवाला पक्षले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा प्राविधिक तथा विशेषज्ञ सम्मिलित कार्यदल गठन गरेर प्रभावित क्षेत्रको अध्ययन गरी समस्या समाधानका लागि सुझाव दिएको थियो । ***(रासस)***

# चौधौँ वर्षमा वाग्मती सफाइ महाअभियान

काठमाडौँ, ५ जेठ । 'राष्ट्रका लागि हप्तामा दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ सुरु भएको वाग्मती सफाइ महाअभियान मङ्गलबारदेखि १३ औँ वर्ष पूरा गरी १४ औँ वर्षमा प्रवेश गरेको छ ।

विसं २०७० जेठ ५ गते राजधानी काठमाडौँको सभ्यताको स्रोत वाग्मतीलाई स्नान गर्न योग्य बनाउने उद्देश्यका साथ सफाइ महाअभियान सुरु भएको थियो । पहिलो चरणमा पशुपति क्षेत्रसम्मको नदी सफा गर्ने लक्ष्य राखिएको थियो । पचासौँ हप्ताको कार्यक्रममा तत्कालीन राष्ट्रपति डा. रामवरण यादवलगायत विशिष्ट व्यक्तित्वले गौरीघाटमा मुख धुनुभएको थियो ।

सफाइ महाअभियानको नेतृत्व तत्कालीन मुख्यसचिव लीलामणि पौडेलले गर्नुभयो । हालसम्म पनि उहाँको नेतृत्व जारी छ । त्यसबेलादेखि प्रत्येक हप्ता शनिबार बिहान गर्मीमा ७:०० बजेदेखि ९:०० बजेसम्म र जाडोमा ७:३० बजेदेखि ९:३० बजेसम्म वाग्मती नदीका विभिन्न स्थानको किनारमा सफाइ हुने गरेको छ । महाअभियान आगामी शनिबारदेखि ६८० औँ हप्तामा प्रवेश गर्दैछ ।

वाग्मतीबाट हालसम्म २२ हजार मेट्रिक टनभन्दा बढी फोहर व्यवस्थापन भएको छ । महाअभियानमा १५ लाखभन्दा बढीले नदीमै गएर फोहर उठाएका छन् । सफाइमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सरकारी एवं सामुदायिक संस्थाले पनि योगदान गरेका छन् । धेरै मानिसले महाअभियानलाई सहयोग गरे पनि उद्देश्य अनुसार उपलब्धि हुन नसकेको गुनासो सुनिने गरेको छ ।

महाअभियान १४ औँ वर्ष प्रवेश गरेकै बेला देशभरका ७५३ स्थानीय तहमा दोस्रो निर्वाचन सकिएको पनि दुई वर्ष पूरा भएको छ । महाअभियानका अभियानकर्मी डा. माला खरेल फोहर व्यवस्थापनमा स्थानीय सरकारको साथ अत्यावश्यक पर्ने बताउनुहुन्छ ।

महाअभियानबाट प्रभावित भएर काठमाडौँ उपत्यकामा वाग्मतीका सहायक नदी, वाग्मतीकै पनि विभिन्न स्थानमा सफाइ अभियान चलिरहेको छ । काठमाडौँ उपत्यकाका हाल गुह्येश्वरीमाथिको वाग्मती, तिलगङ्गा, आलोकनगर, सुन्दरीघाट, मैतीदेवी, रुद्रमती, विष्णुमतीको माथिल्लो र तल्लो भाग, चक्रपथका उत्तरी र पश्चिमी भाग, मनोहरा, ललितपुरको गोदावरी खोला, भक्तपुरको हनुमन्तेलगायत सांस्कृतिक सम्पदा गरी २५ स्थानभन्दा बढी ठाउँमा सफाइ भइरहेको छ ।

काठमाडौँ उपत्यका बाहिरका प्रमुख सहर, नदी र सांस्कृतिक सम्पदामा पनि सफाइ अभियान चलेको छ । काठमाडौँ उपत्यका बाहिर करिब १०९ भन्दा बढी स्थानमा सफाइ भइरहेको महाअभियानले जनाएको छ । महाअभियानले देशव्यापी रूपमा सफाइ जागरण फैल्याउन सफल भएको छ ।

अभियानको सफलताका लागि स्थानीय सरकारले साथ दिनुपर्ने अभियानकर्मीको माग छ । वाग्मती सफाइ महाअभियानबाट प्रभावित भएर देशभर चलिरहेको सफाइ अभियानले स्थानीय सरकारकै काममा सहयोग गरिरहेको भए पनि स्थानीय सरकारको ध्यान नजाँदा हुनुपर्ने जति प्रभावकारी नभएको टिप्पणी हुने गरेको छ ।

महाअभियानले १४ औँ वर्ष प्रवेशको कार्यक्रम विशेषरूपमा गरेको छ । यसअघिका कार्यक्रम अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिसँगको सहकार्यमा गर्ने गरिएकामा यसपटक भने अभियानकर्मीकै समूहले बानेश्वरमा गरेको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिनुभयो ।

सो अवसरमा बानेश्वर क्याम्पसअघिको वाग्मती नदी किनारमा सफाइ गरी त्यहाँ बिरुवा पनि रोपिएको उहाँले बताउनुभयो । मङ्गलबार रोपिएका बिरुवा पाँच फिटभन्दा अग्ला मात्र छन् । ***(रासस)***

# मुक्त घोषित कृषि बँधुवा मजदुरलगायतका पुन:स्थापना निष्कर्षमा पुऱ्याउन आग्रह

काठमाडौँ, ५ जेठ । विगतमा कृषि बँधुवा मजदुरका रूपमा रहेका मुक्तकमैया, हलिया, कम्लरी र हरवाचरवाको न्यायोचित पुन:स्थापना तत्काल निष्कर्षमा पुर्याउन सरकारसँग आग्रह गरिएको छ ।

राष्ट्रिय कृषि बँधुवा मजदुर संयुक्त सङ्घर्ष समितिले मङ्गलबार यहाँ आयोजना गरेको नीतिगत संवादमा सहभागी सरोकारवालाले मुक्तिको घोषणा गरेर पनि वर्षौंदेखि थाती रहेका समस्या समाधानका लागि गम्भीर नबनेको आरोप लगाए ।

कार्यक्रमका वक्ताहरूले सरकारले २०५७ सालमा कमैया, २०६५ मा हलिया, २०७० मा कम्लरी तथा २०७९ साल साउनमा हरवाचरवालाई मुक्तिको घोषणा गरे पनि अझै प्रभावकारी पुन:स्थापना हुन नसकेको उल्लेख गरे । विशेषगरी हरवाचरवा समुदायको सन्दर्भमा मुक्त घोषणा गरिएको करिब चार वर्ष बितिसक्दा पनि व्यवस्थित तथ्याङ्क सङ्कलन, प्रमाणीकरण तथा पुन:स्थापनाका कार्यक्रम प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनीहरूको भनाइ छ ।

प्रतिनिधिसभा सदस्य सुरेन्द्र चौधरीले मुक्तहलिया, कमैया, कम्लरी र हरवाचरवाको न्यायोचित पुन:स्थापनाका लागि सरकारले स्पष्ट 'कटअफ डेट' निर्धारण गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले राज्यको संरचनात्मक रूपान्तरणका लागि नीति निर्माताहरू संवेदनशील बन्न आवश्यक रहेको बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य ठाकुरसिंह थारूले कृषि बँधुवा मजदुरको सवाल मानवअधिकारसँग पनि जोडिएकाले राज्यले यसको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्नेमा जोड दिनुभयो । प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्माले २०७८ सालमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित 'मुक्तकमैया, हलिया, कम्लरी तथा हरवाचरवा वस्तुस्थिति अध्ययन समिति'का सिफारिस कार्यान्वयन गरे वर्षौंदेखिको समस्या समाधान हुने धारणा राख्नुभयो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्यहरू जगतप्रसाद जोशी, श्रीधर पोखरेल, हरिमोहन भण्डारीलगायतले सरकारले मुक्त घोषणा गरेका व्यक्ति तथा समुदायका समस्या समाधान गर्न वर्तमान सरकारले ठोस योजना अगाडि सार्नुपर्ने भन्दै त्यसमा आफूहरूले पनि सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

द फ्रिडम फन्डका बालाराम भट्टराईले अवधारणापत्र प्रस्तुत गर्दै मुक्त गरिएका कृषि मजदुरलगायत समुदायको पुन:स्थापनाका लागि पर्याप्त बजेट, स्पष्ट कार्यविधि र तीन तहका सरकारबिच प्रभावकारी समन्वयको आवश्यकता औँल्याउनुभयो ।

राष्ट्रिय मुक्तहलिया समाज महासङ्घका पूर्वअध्यक्ष राजुराम भुल, मुक्तकमैया समाजका महासचिव हरिचन्द्र चौधरी, मुक्तकम्लरी विकास मञ्चका अध्यक्ष सुमिता चौधरी र मुक्त हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सदस्य श्यामसुन्दर सदाले समुदायले भोगिरहेका समस्या र पुन:स्थापनाको आवश्यकताबारे धारणा राख्नुभएको थियो ।

राष्ट्रिय कृषि बँधुवा मजदुर संयुक्त सङ्घर्ष समितिका अध्यक्ष दर्शनलाल मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कमैया महिला जागरण समाजकी अध्यक्ष कृष्णी थारू, मुक्त कमैया समाजका कार्यक्रम संयोजक चन्द्रप्रसाद चौधरी, राष्ट्रिय दलित नेटवर्क, नेपालका उपाध्यक्ष श्याम सुनारलगायतले विविध सवालबारे ध्यानाकर्षण गराएका थिए ।

सङ्घर्ष समितिका अनुसार हालसम्म एक हजार १०४ मुक्त हलिया परिवारले पुन:स्थापना कार्यक्रमको अन्तिम किस्ता रकम पाउन सकेका छैनन् भने एक हजार १३५ परिवार अझै पुन:स्थापनाको पर्खाइमा छन् । तत्कालीन समयमा ३२ हजार ५०९ मुक्तकमैया, १४ हजार २४२ मुक्तहलिया परिवारले परिचयपत्र प्राप्त गरेका थिए । यस्तै, देशभर १२ हजार ९७० मुक्तकम्लरी पहिचान भए पनि अझै हजारौँ व्यक्ति पहिचान, प्रमाणीकरण र पुन:स्थापनाबाट वञ्चित छन् । ***(रासस)***

**गुठी...**

बुझाइएको थियो । ज्ञापनपत्रको व्यहोरा यसप्रकार छ :

मिति : २०८३ जेठ ४ गते

सम्माननीय प्रधानमन्त्रीज्यू,
मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौँ ।
मार्फत जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।

**विषय: ज्ञापनपत्र**

नेपाल क्रान्तिकारी किसान सङ्घले नेपालको किसानहरूको समस्याबारे नेपाल सरकारको समय समयमा ध्यानाकर्षण गर्दै आएको छ । विगतमा नेपाल क्रान्तिकारी किसान सङ्घले नेपाली काङ्ग्रेस, नेकपा एमाले र माओवादी पार्टीको सरकारसँग पनि किसानहरूको समस्यालाई लिएर समय समयमा ज्ञापनपत्र दिँदै आएका थियौँ । वर्तमान समयमा पनि निम्न माग राखी ज्ञापनपत्र दिन आएका छौँ :

१. भक्तपुर नगरपालिकाअन्तर्गत व्यवस्थित आवास योजनाको लागि सञ्चालित देको-मिवा-इटापाके आवास योजनाले पूर्वमा देकोचाबाट बौको जाने बाटो, पश्चिममा निकोसेरा जाने सडक, उत्तरमा खासाङखुसुङ खोला र दक्षिणमा नगरकोट जाने सडकबिचको चारकिलाभित्रको १६५४ रोपनी जग्गामा व्यवस्थित आवास योजना सञ्चालनमा रहेको छ । देको-मिवा-इटापाके आवास योजनाले जग्गा धनी तथा मोहीहरूको जग्गा फिर्ताको लागि नक्सा प्रकाशित गरेको र हालसम्म ५२ प्रतिशत जग्गा धनीहरूलाई आवास योजनाले पुर्जासमेत फिर्ता भई कतिपय जग्गा धनीहरूले घरसमेत निर्माण गरिसकेको छ । उक्त प्रकाशित नक्सामा गुठीको नाममा रहेको जग्गाका मोही किसानहरूलाई पनि आवास आयोजना नीतिअनुसार नै जग्गा कटौती गरी जग्गा फिर्ता गरिएको छ । यस आवास क्षेत्रका गुठी जग्गा गरिरहने मोही किसानहरूलाई जग्गा फिर्ता नदिई आवास योजनाबाट नीतिअनुसार कटौती गरिएको जग्गा गुठी संस्थानले नव्यहोर्ने र उक्त जग्गाको मूल्य मोही किसानलाई तिर्न वा आवास योजनाले व्यहोर्नको लागि पत्राचार गरिएको छ । यस पत्राचारले मोही किसानहरूलाई गुठी संस्थान, भक्तपुरले मोही किसानहरूलाई जग्गा फिर्ता नदिई आवास योजनाबाट नीतिअनुसार कटौती गरिएको जग्गा गुठी संस्थानले नव्यहोर्ने र उक्त जग्गाको मूल्य मोही किसानलाई तिर्न वा आवास योजनाले व्यहोर्नको लागि भन्दै पुर्जा फिर्ता गर्न सिफारिस नगर्ने अवस्था छ । उक्त कदमले मोही किसानहरूको सम्पत्तिसम्बन्धी अधिकार हनन हुन गएको तर्फ नेपाल क्रान्तिकारी किसान सङ्घको ध्यानाकर्षण भएको छ । जुनसुकै आवास आयोजना भनेको व्यवस्थित बसाइँको लागि गरिने र गुठी जग्गा पनि यसबाट बिमुख हुन नसक्ने हुँदा गुठीको जग्गामा पनि व्यवस्थित आवास योजना सञ्चालन गर्न अनुमति दिई अन्य जग्गा धनीकै साबिकमा गुठी जग्गामा पनि गुठी र मोहीको समानुपातिरूपमा बराबर आयोजनाको नीतिअनुसार जग्गा कटौती गरी पुर्जा फिर्ता गर्ने व्यवस्था गर्नको लागि आवश्यक पहल गरिदिनुहुन नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला प्रशासन कार्यालय, भक्तपुरमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

गुठी संस्थान सञ्चालक समितिको बैठक नं. ४१५ मिति २०८२ फागुन १२ गते बसेको बैठकले गुठी जग्गामा बाटो कायम गर्नेसम्बन्धी कार्यविधि, २०७३ को दफा ६ संशोधन गरी "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई गुठी अधीनस्थ जग्गासमेत पर्ने गरी जग्गा एकीकरण आयोजना सञ्चालन गर्न काठमाडौँ उपत्यका विकास प्राधिकरण, नगर विकास समितिलगायत सरकारी निकायबाट सहमति माग भएमा जग्गा एकीकरण प्रक्रियामा योगदानबापत कट्टा हुने कूल गुठी जग्गाको कम्तीमा छैसट्ठी प्रतिशत क्षेत्रफल सोही आयोजनाभित्र विकसित घडेरीको रूपमा छुट्टै कित्ता कायम गरी गुठी तैनाथीमा दर्ता गर्ने गरी सहमति दिइनेछ । त्यसरी कायम गरिएको गुठी तैनाथीतर्फको दर्ता स्रेस्ता अद्यावधिक गरी सम्बन्धित आयोजनाले गुठी संस्थानलाई जग्गा धनी प्रमाणपुर्जा उपलब्ध गराउनु पर्नेछ ।" कायम गर्ने निर्णय गरेको छ । यस निर्णयले गुठी जग्गाका मोहीहरूको स्वामित्व पूर्णरूपमा उन्मूलन गरी गुठी संस्थानले मोहीलाई जग्गाको स्वामित्वमा बेदखल गरेको छ । यसबाट नेपालको संविधानले प्रदान गरेको मौलिक हकसमेत हनन हुन गई मोहीहरूलाई भूमिहीन बनाउने कार्य गरेको छ । यसतर्फ नेपाल क्रान्तिकारी किसान सङ्घको ध्यानाकर्षण भएको छ । त्यसैले यस्तो मोही किसानहरूलाई भूमिहीन हुने गरी दफा संशोधन गर्ने गुठी संस्थानको कार्यप्रति खेद व्यक्त गर्दछ र गुठी जग्गा गरिरहेका मोही किसानको मोही हक आधा कायम गरी आवास योजनाको नियमअनुसार अन्य जग्गा धनीसरह जग्गा कटौती गरी गुठी संस्थानले लालपुर्जा फिर्ताको बन्दोबस्त गर्नको लागि माग गर्दछ ।

बोधार्थ,
जिल्ला प्रशासन कार्यालय, भक्तपुर ।
गुठी संस्थान कार्यालय, भक्तपुर ।

**उपाध्यक्ष**
नेपाल क्रान्तिकारी किसान सङ्घ
केन्द्रीय समिति

## सङ्क्षिप्त समाचार

# जङ्गली च्याउ खाँदा अकालमा मृत्यु हुने क्रम, ३ चेपाङ बालबालिकाले गुमाए ज्यान

भरतपुर, ५ जेठ। चितवनको इच्छाकामना गाउँपालिका-१ कुलबाङमा जङ्गली च्याउ खाँदा गम्भीर बिरामी परेका तीन जना बालबालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा नौ वर्षीया नमुना चेपाङ, ११ वर्षीय सञ्जय चेपाङ र १३ वर्षीया मनिता चेपाङ छन्। उनीहरू एउटै परिवारका सदस्य हुन्। राष्ट्रिय माध्यमिक विद्यालय हात्तीबाङका प्रधानाध्यापक लोकबहादुर मगरका अनुसार नमुनाको यही जेठ १ गते घरमा नै मृत्यु भएको थियो। सञ्जयको गत शनिबार राति उपचारका क्रममा निधन भएको हो भने मनिताको मङ्गलबार बिहान ६:०० बजे भरतपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको उहाँले जानकारी दिनुभयो। गत वैशाख २९ गते श्यामबहादुर चेपाङको पाँच जनाको परिवारले जङ्गलबाट ल्याएको च्याउ पकाएर खाएका थिए। त्यसपछि उनीहरू बिरामी परेका थिए। गम्भीर अवस्थामा रहेका तीन बालबालिकालाई उपचारका लागि भरतपुर अस्पताल ल्याइएको थियो।

मृतक नमुना कक्षा २, सञ्जय कक्षा ३ र मनिता कक्षा ५ मा अध्ययनरत रहेको विद्यालयले जनाएको छ। मृत बालबालिकाका बुबाआमा भने सकुशल छन्। दुई बालबालिकाको दाहसंस्कार भइसकेको छ भने मङ्गलबार मृत्यु भएका बालिकाको शव बुझ्ने तयारी भइरहेको प्रअ मगरले जानकारी दिनुभयो। *(रासस)*

# युवा, श्रम तथा रोजगार मन्त्रालय मातहतका कर्मचारीका लागि नयाँ आचारसंहिता लागू

काठमाडौँ, ५ जेठ। युवा, श्रम तथा रोजगार मन्त्रालयले मन्त्रालय तथा मातहत निकायमा कार्यरत कर्मचारीका लागि नयाँ आचारसंहिता लागू गरेको छ। मन्त्रालयको पुनर्संरचनापछि जारी गरिएको उक्त आचारसंहिताले कर्मचारीको आचरण, सेवा प्रवाह र प्रशासनिक अनुशासनलाई व्यवस्थित गर्ने लक्ष्य राखेको जनाएको छ। मन्त्रालयका अनुसार सार्वजनिक सेवालाई निष्पक्ष, पारदर्शी, उत्तरदायी तथा सेवामुखी बनाउन कर्मचारीको व्यवहार र कार्यशैलीलाई स्पष्ट मापदण्डभित्र ल्याउने उद्देश्यले आचारसंहिता लागू गरिएको हो।

सो आचारसंहिताले कार्यालय अनुशासनसम्बन्धी व्यवस्था स्पष्ट पारेको छ। कर्मचारीलाई कार्यालय समयको पूर्ण पालना गर्न, तोकिएको पोशाक प्रयोग गर्न तथा सहकर्मीसँग सहयोगात्मक व्यवहार कायम गर्न निर्देशन दिइएको छ। साथै सरकारी निर्णय, कागजात तथा सेवाग्राहीसँग सम्बन्धित संवेदनशील विवरण अनधिकृत रूपमा सार्वजनिक गर्न नपाइने उल्लेख गरिएको छ। *(रासस)*

# कार्यान्वयन हुने किसिमका नीति तथा कार्यक्रम ल्याउन सुझाव

कर्णाली, ५ जेठ। कर्णाली प्रदेश सरकारले दुई सातादेखि यहाँस्थित विभिन्न सरोकारवालाहरूसँग आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गरिरहेको छ। प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले सोमबार सुर्खेत वीरेन्द्रनगरमा आगामी आवको 'नीति तथा कार्यक्रम र बजेट तथा राजस्व परामर्शसम्बन्धी अन्तर्क्रिया, सुझाव सङ्कलन' विषयक छलफल सम्पन्न गर्‍यो। यसअघि जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका राष्ट्रिय महासङ्घका पदाधिकारी एवं सदस्य, स्थानीय तहका जनप्रतिनिधि, विकास साझेदार निकाय तथा दलका प्रमुखहरूसँग छलफल गरेको थियो। त्यसैगरी, निजी क्षेत्र, व्यवसायी, उद्योगपतिहरूसँग समेत छलफल गरेको छ।

कर्णालीको दीर्घकालीन विकास, मानव विकास सूचाङ्क र कुल गार्हस्थ्य उत्पादनमा वृद्धि गर्ने तथा यहाँका नागरिकहरूको जीवनस्तर उकास्ने उत्पादनमुखी, जनमुखी र परिणाममुखी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने हेतुले प्रदेश सरकारले सबै सरोकारवालासँग परामर्श, छलफल, अन्तर्क्रिया र सुझाव सङ्कलन गर्दै आएको छ।

कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव लीलाप्रसाद शर्माले कर्णालीको विकास र समृद्धिलाई सम्बोधन गर्न सकिने सम्भावनायुक्त विषयहरूबारे साझा धारणा निर्माण गर्ने ध्येयले छलफल गरिएको बताउनुभयो। उहाँले कर्णाली प्रदेशको समग्र आर्थिक परिदृश्यबारे जनाउँदै जलस्रोतको सदुपयोगबाट विद्युत् उत्पादन तथा पर्यटन प्रवर्द्धन गर्न सरकारले निजी क्षेत्र, गैरआवासीय नेपाली नागरिक, वित्तीय सङ्घसंस्था र कर्णालीवासीबिच सहकार्य आवश्यक भएको सन्दर्भ प्रस्तुत गर्नुभयो। *(रासस)*

हार्दिक समवेदना

जन्म
२०१६/०१/०५



स्वर्गारोहण
२०८३/०२/०३

यस च्वङा गणेश धिमे खल: तथा सल्लाघारी युवा समूहका सक्रिय सदस्य श्री **कृष्णलाल गोसाई** को असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछौं। साथै शोकसन्तप्त परिवारजन, आफन्त तथा सम्पूर्ण सदस्यहरूमा यस दुःखद घडीमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**च्वङा गणेश धिमे खल:**
**तथा सल्लाघारी युवा समूह**



**मुस्ताङमा पर्यटक**
मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ स्थित पर्यटकीयस्थल सेल्फी (शालग्राम पार्क) मा मङ्गलबार देखिएको पर्यटकको चहलपहल। यहाँ आन्तरिक तथा बाह्य तथा चलचित्र छायाङ्कन गर्न आउने पर्यटकको भीडभाड हुन थालेको हो। *तस्बिर : सुशीलबाबु थकाली/रासस*

# नुन पनि गुणस्तहीन ! आयोडिनविहीन नुन बिक्रीवितरणलाई तत्काल रोक्न चिकित्सकद्वारा माग

झापा, ५ जेठ। चिकित्सक तथा जनस्वास्थ्यकर्मीले नेपालमा आयोडिनको कमीले हुने जनस्वास्थ्य समस्याको जोखिम देखिने खतरा बढेकामा गम्भीर चिन्ता व्यक्त गर्दै तत्काल आयोडिनविहीन नुन बिक्रीवितरणमा प्रतिबन्ध लगाउन सरकारको ध्यानाकर्षण गराएका छन्।

उहाँहरूले नेपाल भारत खुला सीमाका कारण यहाँका व्यापारिक 'सुपर मार्केट' तथा खाद्यन्न पसलमा आयोडिनविहीन भारतीय नुन खुलमखुला बिक्री वितरण भइराखेकामा चिन्ता व्यक्त गर्दै आम उपभोक्ताको स्वास्थ्यमा असर पुऱ्याउन यस्ता नुनलाई बजार अनुगमन गरेर जफतसमेत गर्न तीनै तहका सरकारसँग आग्रह गरेका छन्।

अर्कोतर्फ सरकारले नुन बिक्री वितरणमा निजी क्षेत्रलाई प्रवेश गराएपछि बजारमा मापदण्ड एवं गुणस्तरअनुसार आयोडिनको मात्रा नभएको नुन बिक्रीवितरण हुँदा भविष्यमा आयोडिनको कमीले हुने स्वास्थ्य समस्या जटिल रूपमा देखिने खतरा बढेको उहाँहरूको तर्क छ।

बालरोग विशेषज्ञ डा. टङ्क बढाराकोटीले आयोडिनविहीन नुनको प्रयोग बढ्ने हो भने विशेष गरेर बालबालिका तथा गर्भवतीको स्वास्थ्य जोखिममा पर्न सक्ने औँल्याउनुभयो। राष्ट्रिय उपभोक्ता मञ्चद्वारा सोमबार यहाँ आयोजित 'बजारमा उपलब्ध नुनको गुणस्तर र यसको उपभोगबाट हुनसक्ने स्वास्थ्यसम्बन्धी' कार्यक्रममा उहाँ भन्नुभयो "आयोडिनविहीन नुनको प्रयोग बढ्ने हो भने आयोडिनको कमीले हुने जनस्वास्थ्य समस्याको जोखिम देखिन सक्छ। यसलाई गम्भीरतापूर्वक लिइनुपर्छ। तत्काल आयोडिनविहीन नुन बिक्री वितरणमा प्रतिबन्ध लगाइनुपर्छ।"

श्रीलङ्काले हाल आयोडिनविहीन नुनले उत्पन्न गरेको जनस्वास्थ्य समस्या भोगिरहेको छ। यस्तो नियति नेपालमा आउन दिन नहुने उहाँको तर्क छ।

सरकारले २०८२ साल साउन १ गतेदेखि निजी क्षेत्रलाई आयोडिनयुक्त नुन उत्पादन तथा बिक्रीवितरण गर्न बाटो खुलाएको थियो। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाडौँले गत वैशाख ४ गते मात्र 'हिमालयन पिङ्क रक साल्ट' को गुणस्तर परीक्षण गर्दा आयोडिनको मात्रा नभेटिएको 'रिपोर्ट' सार्वजनिक समेत गरेको जनाएको छ।

यहाँका बजारमा 'ब्लाक साल्ट' नामका भारतीय गुणस्तरहीन र मापदण्डविपरीतका नुन खुला बिक्री वितरण हुँदै भएका छन्। भारतीय सरकारले नुनमा उत्पादन तहमा ३० पिपिएम र भान्सामा पुग्दा १५ पिपिएम निर्धारण गरेको छ।

विश्वस्वास्थ्य सङ्गठनको मापदण्डअनुसार नेपाल सरकारले विसं २०५७ माघ २३ देखि आयोडिनयुक्त नुन उत्पादन तहमा ५० पिपिएम हुनुपर्ने, बिक्री गर्ने स्थानसम्म आइपुग्दा ३० पिपिएम र उपभोक्ताले प्रयोग गर्दासम्म अनिवार्य १५ पिपिएम हुनुपर्ने नियम कार्यान्वयन गरिरहेको छ। चिकित्सकका अनुसार आयोडिनयुक्त नुनमा जलांश अधिकतम छ प्रतिशत, सोडियम क्लोराइड न्यूनतम ९६ प्रतिशत, पानीमा नघुल्ने पदार्थ अधिकतम एक प्रतिशत हुनुपर्छ। यदि ९६ प्रतिशत सोडियम नभएको अवस्थामा रक्तचापसम्बन्धी समस्या हुने गर्छ।

साधारण नुनका हकमा पनि जलांश, सोडियम क्लोराइड र अन्य घुलनशील पदार्थको सीमा सरकारले निर्धारण गरेको छ।

तत्कालीन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका पूर्वअतिरिक्त सचिवसमेत रहनुभएका डा. बढाराकोटीका अनुसार 'आयोडिन' शरीरलाई दैनिकरूपमा नभई नहुने सूक्ष्म पोषक तत्व हो। नुनले थाइरोड ग्रन्थीबाट थाइरोइड हर्मोनहरू निकाल्न मद्दत गर्दछ। शरीरको नियमित क्रियाको लागि जस्तै कोशिकाहरूको कार्य सुचारु राख्न, दिमागको वृद्धि र विकास गर्नजस्ता मुख्यमुख्य काममा सहयोग गर्दछ। शारीरिक र मानसिक विकासका लागि चाहिने हर्मोन उत्पादनका लागि पनि आयोडिनको आवश्यकता पर्दछ।

उहाँले भन्नुभयो, "बालबालिका तथा गर्भवतीलाई आयोडिन नुनको आवश्यकता पर्दछ। यस्तो अवस्थामा दुई बालबालिकाअङ्कित चिह्न भएको आयोडिनयुक्त नुन सही मात्रा मिलाएर खानुपर्छ।"

सरकारले 'थोरै खाऔँ, सही मात्रामा खाऔँ' भन्दै दुई बालबालिकाअङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्र खान आग्रह गर्दै आएको छ। कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख वृजकुमार दासले बालबालिकामा आयोडिनको कमी हुँदा मानसिक विकास राम्ररी नहुने, पढाइमा कमजोर हुने, सुस्त मनस्थिति, बोल्न नसक्ने, आँखा डेढो हुने र शारीरिक विकासमा पनि बाधा पुग्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "वयस्कमा आयोडिनको कमी भएमा गलगाँड आउने, थाइराइड, मानसिक, शारीरिक क्षमतामा कमीजस्तो असर देखिन्छन्। बालबालिकामा हुने न्यूरोलोजिकल क्रेटिनिज्मको मुख्य कारण आयोडिनको कमी नै हो। थाइराइडका क्यान्सर, प्रजनन क्षमतामा ह्रास, गर्भपतनजस्ता समस्या पनि देखिन सक्छ। यस्तो अवस्थालाई न्यून गर्न साल्ट ट्रेडिङ कर्पोरेशनको दुईबालबालिका अङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्रा मिलाएर प्रयोगमा ल्याउनुपर्छ।" जथाभावी नुनको प्रयोग नगर्न उहाँले आग्रह गर्दै आयोडिनको कमी हुँदा जनस्वास्थ्यमा समस्याको जोखिम देखिनसक्ने बताउनुभयो।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाईंले बजार अनुगमन गरेर स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने आयोडिनविहीन नुन बिक्रीवितरण गर्न नदिइने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "दुई बालबालिकाअङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्र भान्सामा सही रूपमा प्रयोग गर्नलाई जनचेतना जगाउनुपर्छ।"

सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले सीमानाकाका भन्सारबाट नुन आयातमा कडाइ र आयोडिनविहीन नुन बिक्रीवितरण रोक्न बजार अनुगमन गरिने जानकारी दिनुहुँदै यसका लागि उपभोक्ता स्वयं सचेत बन्नुपर्छ भन्नुभयो। अन्य प्रयोजनका लागि भनेर व्यापारीले भन्सारबाट नुन ल्याउने जनाएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग झापाका प्रमुख सुवासचन्द्र वस्तीले मानव शरीरलाई अति आवश्यक पर्ने सूक्ष्म पोषकतत्व आयोडिनयुक्त नुन भएकाले यसको प्रयोगका बारेमा सचेतना आवश्यक पर्ने जनाउँदै नुन आयातमा अनुमति नदिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "नुन आयातमा अनुमति नदिए पनि बजारमा आयोडिनविहीन नुन देखिन्छ। यसलाई निरुत्साहित गर्नुपर्छ।"

कार्यक्रममा साल्ट ट्रेडिङ कर्पोरेशन कर्पोरेशनका सहायक प्रबन्धक ब्रजेश झाले हालसम्म विषम अवस्थामा पनि नुनको आपूर्ति भइराखेको जानकारी दिनुभयो। उहाँका अनुसार गत आवमा कर्पोरेशनले दुई लाख १० हजार टन आयोडिनयुक्त नुन बिक्री वितरण गरेको थियो। अर्कोतर्फ कर्पोरेशनले नुन आपूर्तिमा तत्काल अवरोध आउन नदिन छ महिनासम्मलाई पुग्ने नुन आफ्ना गोदाममा मौज्दातमा राख्दै आएको छ। उहाँले भन्नुभयो, "सरकारको कायदिशअनुसार नै आयोडिनयुक्त नुनको नियमित आपूर्ति र वितरण हुँदै आएको छ।"

कार्यक्रममा मञ्चका केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जनले आयोडिनयुक्त नुनको अर्को विकल्प नभएको चर्चा गर्दै तत्काल बजार अनुगमन गरेर आयोडिनविहीन नुन जफत गर्नुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो, "नुनको बिक्री वितरणमा निजी क्षेत्रलाई प्रवेश गराउँदा उपभोक्ताको स्वास्थ्यमा खेलवाड भयो। बजारमा आयोडिनविहीन नुन देखिन थाल्यो। यस्तो अवस्थालाई तत्काल रोक्नुपर्छ।"

पहुँच शतप्रतिशत: गलगाँडको समस्या शून्य

पछिल्ला दशकका नेपालले गलगाँड (इन्डेमिक गोइटर) अर्थात् कण्ठरोग निवारणमा ऐतिहासिक सफलताप्राप्त गरेको छ। सन् १९६५ भन्दा अघिसम्म दुई जनामध्ये एक जनालाई आयोडिनको कमीले हुने विभिन्न किसिमका रोग लाग्ने गर्दथ्यो। अनुसन्धानले ५५ प्रतिशत मानिसलाई गलगाँड भएको पुष्टि भएपछि सन् १९७३ देखि अनिवार्य रूपमा आयोडिन भएको नुनको आयात गर्न निर्देशन दिएको थियो।

विगतमा आयोडिनयुक्त नुनको अभावका कारण पहाडी एवं हिमाली भू-भागका बहुसङ्ख्यक नागरिकले गलगाँड रोगको चरम समस्यालाई झेल्नुपर्दथ्यो। घाँटीको अघिल्लो भागमा गलगाँड (डल्लो) नहुनुलाई अस्वाभाविक ठानिन्थ्यो। गलगाँडलाई एक प्रकारले सुन्दरताको प्रतीक मानिन्थ्यो। यस्तो विकृतिका विरुद्धमा सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रममार्फत आयोडिनयुक्त नुनको वितरण अभियानलाई देशव्यापि सञ्चालन गरेपछि पछिल्लो दशकमा गलगाँडको समस्या शून्यमा झरेको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पछिल्लो अध्ययन प्रतिवेदनका अनुसार आयोडिनयुक्त नुनको पहुँच लगभग शतप्रतिशत पुग्दा आयोडिनयुक्त नुनको कमीबाट देखिने गलगाँडको समस्या निवारण भएको हो। सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पुऱ्याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त वितरण व्यवस्थापनका कारण ग्रामीण क्षेत्रमा गलगाँडको समस्या शून्यमा झरेको हो।

राष्ट्रिय योजना आयोगद्वारा गरिएको सो कार्यक्रमको 'आन्तरिक मूल्याङ्कन प्रतिवेदन २०७३' अनुसार दुर्गम क्षेत्रमा साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त नुन वितरण प्रणालीका कारण कार्यक्रमले सफलता पाएको हो। दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य 'हाइपरथाइरोडिज्म', मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन्। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७०/०७१ देखि गत आर्थिक वर्षसम्म कण्ठरोग निवारणका कार्यक्रमले शतप्रतिशत नै सफलता प्राप्त गरेको छ। *(रासस)*

।सम्पादकीय।

# नेपाली भूमि फिर्ता गराउन परिपक्व कूटनीति खोइ ?

नेपालको उत्तर-पश्चिमी त्रिदेशीय बिन्दुमा अवस्थित लिपुलेक क्षेत्रलाई लिएर फेरि एकपटक कूटनीतिक सरगरमी बढेको छ । १८१६ को सुगौली सन्धि र ऐतिहासिक तथ्यहरूका आधारमा महाकाली नदीपूर्वको लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई नेपालको आफ्नो अभिन्न भू-भाग हो । तर, दसकौँदेखि भारतको अवैध कब्जा र हालै भारत र चीनबिच उक्त मार्ग हुँदै कैलाश मानसरोवर यात्रा सञ्चालन गर्ने सहमति र सक्रियताले नेपाल-भारत-चीनबिचको त्रिपक्षीय सम्बन्धबारे नै प्रश्नचिह्न खडा भएको थियो ।

नेपालको लागि अत्यन्तै संवेदनशील मुद्दा हो-लिम्पियाधुरा, लिपुलेक र कालापानी । यही सवालमा भारतले नेपाली संवेदनशीलतालाई बेवास्ता गर्दै नक्सा जारी गरेपछि नेपालले पनि प्रतिवादमा उक्त भूमिलाई समेटेर नयाँ नक्सा जारी गरेको थियो, जुन चुचे नक्साका रूपमा चर्चित छ । उक्त सवालमा विगतका सरकारहरूले कडा कूटनीतिक कदम चाल्न नसकेको आरोप लाग्दै आएकोमा प्रचण्ड बहुमत रहेको बालेन सरकारले यस सवालमा के कस्तो कदम चाल्छ भन्ने कुरा चासोको विषय बनेको छ । यसबारे सार्वजनिक टीकाटिप्पणी भइरहेको पृष्ठभूमिमा हालै भारत र चीन दुवै देशलाई औपचारिक पत्र पठाउँदै लिपुलेक क्षेत्रका सम्बन्धमा नेपालको स्पष्ट अडान र सरोकार पुनः अवगत गराएको खबर सार्वजनिक भएको छ । नेपालको परराष्ट्र मन्त्रालयद्वारा जारी प्रेस नोटअनुसार, नेपाली भूमि हुँदै आयोजना गरिने कुनै पनि क्रियाकलापमा नेपालको सहमति र संलग्नता अनिवार्य रहनुपर्ने सन्देश कूटनीतिक माध्यमबाट प्रवाह गरिएको छ । नेपालले विगतमा पनि सीमा क्षेत्रमा हुने सडक विस्तार, व्यापार वा तीर्थाटनजस्ता गतिविधिमा आफ्नो दाबी र असहमति निरन्तर राख्दै आएको स्मरण गराए पनि स्पष्ट कूटनीतिक नोट पठाउन वा कूटनीतिक पहल हुन सकेको छैन ।

सन् २०१९ को कोभिड महामारीपछि बन्द रहेको मानसरोवर यात्रा पुनः सुरु गर्ने विषयमा सन् २०२४ को डिसेम्बरमा चीन र भारतबिच उच्चस्तरीय सहमति भएको थियो । भारतीय विदेश मन्त्रालयको पछिल्लो विज्ञप्तिअनुसार २०२६ जूनदेखि अगस्टसम्म हुने यात्राको ठुलो हिस्सा लिपुलेक पासबाटै तय गरिएको छ । यद्यपि, ऐतिहासिक रूपमा नेपालको हकभोग रहेको र वर्तमान नक्सामा समेत समेटिएको यो रुटका बारेमा दुई ठुला छिमेकीबिच सहमति हुँदा नेपालको 'अनुपस्थिति' ले कूटनीतिमा केही रिक्तता देखाएको थियो । कतिपयले त त्यसलाई भारतको ह्याकुलो मिचाइमा चीनको मौन समर्थनको रूपमा समेत व्याख्या विश्लेषण गर्दै आएका थिए । उता चीनले भने उक्त विषय नेपाल भारतबिचको दुईपक्षीय मुद्दा भएकोले दुई देश बसेर मिलाउनुपर्ने स्पष्टीकरण दिएको थियो ।

नेपालले ऐतिहासिक सन्धि-सम्झौता, तथ्य र नक्साका आधारमा सीमा समस्याको समाधान गर्न आफू सधैँ प्रतिबद्ध रहेको जनाउँदै आएको छ । भारतसँगको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्मलाई आत्मसात् गर्दै वार्ता र संवादको माध्यमबाट नै यस समस्यालाई टुङ्गोमा पुर्‍याउन सकिने विश्वास व्यक्त गर्दै आएको छ । नेपाल सरकारले मित्रराष्ट्र चीनलाई समेत यसबारे आधिकारिक जानकारी गराइसकेको अवस्थामा त्रिदेशीय चासो रहेको यो विषयलाई उच्चस्तरीय राजनीतिक र प्राविधिक संवादबाट समाधान गर्नु नै हितकर देखिन्छ ।

धार्मिक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिने कैलाश मानसरोवर यात्राको गरिमा जति उच्च छ, त्यसको मार्गलाई लिएर उत्पन्न हुने सीमा विवादको संवेदनशीलता पनि उत्तिकै छ । छिमेकी मुलुकहरूले नेपालको सार्वभौमिकता र ऐतिहासिक प्रमाणहरूको सम्मान गर्दै साझा हितका लागि कूटनीतिक समन्वय गर्नु आवश्यक छ । पत्रमार्फत व्यक्त गरिएको नेपालको सरोकारलाई भारत र चीन दुवैले सकारात्मक रूपमा लिई आगामी दिनमा वार्ताको टेबलमा बसेर दीर्घकालीन निकास खोज्नु नै यस समस्या समाधानको सही बाटो हुन सक्छ ।

# सरकारको नीति तथा कार्यक्रम : उपेक्षामा स्वास्थ्य क्षेत्र

✍ विवेक

आ.व. २०८३।८४ को लागि प्रस्तुत सरकारको नीति तथा कार्यक्रम प्रधानमन्त्रीको उपस्थितिबिनै पारित गरियो । नीति तथा कार्यक्रममा सांसदहरूले उठाएका विषयहरूको अर्थमन्त्री स्वर्णिम वाग्लेले जवाफ दिएका थिए । संसदीय मान्यता र परम्पराविपरीत प्रधानमन्त्री अनुपस्थित भएको भनी विपक्षी पार्टीहरूले सरकारको आलोचना गरिरहेका छन् ।

नीति तथा कार्यक्रममा उल्लेखित स्वास्थ्य नीतिबारे यहाँ चर्चा गर्न खोजिएको छ । नीति तथा कार्यक्रमको बुँदा नं. ५५ देखि ५९ सम्म ५ वटा बुँदामा स्वास्थ्य नीति उल्लेख छ । आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमाको पुनःसंरचना, राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण गठन, नसर्ने रोग नियन्त्रण तथा रोकथामको लागि जनचेतनामूलक कार्यक्रम, अपाङ्गता पुनःस्थापना केन्द्र स्थापनादेखि स्वास्थ्य जनशक्ति विकास गर्न एकीकृत मानव संशाधन प्रणालीको विकास गर्नेसम्म स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

वर्तमान रास्वपा सरकारको नीति तथा कार्यक्रम पनि विगतका सरकारहरूकै निरन्तरताकै रूपमा देखिन्छ । यसले संविधानको भावनालाई समेट्न सकेन । नेपालको संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने हक र आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने सुनिश्चितता गरेको छ । नीति तथा कार्यक्रममा त्यसको सुनिश्चितता देखिँदैन ।

**स्वास्थ्य बीमा कार्यक्रमप्रति बेवास्ता :**

स्वास्थ्य क्षेत्रको एउटा महत्त्वपूर्ण पाटो भनेको स्वास्थ्य बीमा कार्यक्रम पनि हो । देशको ७७ जिल्लामा ४८० वटाभन्दा बढी अस्पतालहरूमा लागू भएको यो कार्यक्रम जनताबिच लोकप्रिय हुँदै छ । गरिब, विपन्नवर्गका बिरामीलाई यस कार्यक्रमले केही राहत दिइरहेको छ । प्रत्येक ५ जना परिवारले रु. ३५००।– तिरेपछि वर्षमा १ लाखसम्मको बीमा सुविधा पाउने यो राम्रो कार्यक्रम हो । तर, सरकारले आवश्यक बजेटको व्यवस्था नगर्दा शिक्षण अस्पताललगायत धेरै सरकारी अस्पतालहरूले स्वास्थ्य बीमा बन्द गर्न थालेका छन् । भुक्तानी पाउने सुनिश्चितता नभएसम्म ती अस्पतालहरू बीमा सुविधा दिने पक्षमा छैनन् । परिणाम धेरै बिरामीहरूले महँगो उपचार खर्च तिर्नु परिरहेको छ । यस्तो बेला नीति तथा कार्यक्रममार्फत अस्पतालहरूलाई भुक्तानी सुनिश्चितताको आश्वस्त पार्नुसक्नुपर्थ्यो तर त्यसो भएन ।

चालू आवको लागि कम्तीमा बीमा कार्यक्रमको लागि २४ अर्ब रकम चाहिनेमा बजेटमा १० अर्ब मात्र छुट्याइएको कारण बीमा बोर्डले अस्पतालहरूलाई भुक्तानी दिन नसकेको बीमा बोर्डका पदाधिकारीहरूको भनाइ छ । एमाले काङ्ग्रेस गठबन्धनका स्वास्थ्यमन्त्री प्रदिप पौडेलले स्रोतको सुनिश्चितताबिना बीमा कार्यक्रमलाई रु. ५ लाख पुर्‍याउने बताउँदा उनको हाकाहाकी आलोचना भएको थियो । सुशीला कार्की नेतृत्वको सरकारका स्वास्थ्यमन्त्री डा. सुधा शर्माले पनि अत्यन्त न्यून रकममात्र बजेट भएको भनी थप बजेट विनियोजनको लागि प्रधानमन्त्री र अर्थमन्त्रीसँग हारगुहार गरेको सबैको स्मरणमा छ ।

रास्वपा सरकारले स्वास्थ्य बीमा कार्यक्रमबारे नीति तथा कार्यक्रममा 'स्वास्थ्य बीमा कार्यक्रमको पुनःसंरचना गरिनेछ' मात्र भनिएको छ । पुनःसंरचनाले मात्र समस्या समाधान हुने अवस्था छैन । स्वास्थ्य बीमाका लागि पर्याप्त बजेटको व्यवस्था अहिलेको आवश्यकता हो । सरकारले बीमा कार्यक्रमलाई व्यवस्थित गर्न निम्न विषयहरूमा ध्यान दिनुपर्ने देखिन्छ – १) स्वास्थ्य बीमा कार्यक्रममा स्थायी कर्मचारीहरू नियुक्त गरेर सरकारकै एउटा निकायको रूपमा विकास गर्नुपर्ने २) सरकारको तलब खाने निजामती कर्मचारी, सेना, प्रहरी, बैङ्क कर्मचारी, शिक्षक, प्राध्यापकहरूको मासिक तलबको निश्चित प्रतिशत रकम बीमा कार्यक्रमका लागि करको व्यवस्था गर्ने ३) विदेशबाट आयात हुने मादक पदार्थ र विलासिताका सामानहरूमा निश्चित प्रतिशत कर लगाउने ४) सबै सरकारी स्वास्थ्य केन्द्र र अस्पतालहरूमा बीमा कार्यक्रम लागू गर्ने र ५) बीमा सुविधा १ लाखबाट बढाइ ५ लाखसम्म पुर्‍याउने ।

उक्त बुँदाहरू कार्यान्वयन गर्न सकेको खण्डमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुनेछ । जनताले सहज उपचार पाउनेछन् ।

**चिकित्सक विदेश पलायनबाट रोक्नुपर्ने :**

राम्रो स्वास्थ्य उपचारको बन्दोबस्त गर्न दक्ष जनशक्ति विदेश पलायन हुनबाट रोक्ने प्रयास गर्नु जरुरी छ । नेपालमा वर्षको हजारौँ चिकित्सक, नर्सहरू उत्पादन हुन्छ तर ती जनशक्तिले अधिकांश विदेशी भूमिमा गएर सेवा दिइरहेका छन् । नेपाल सरकारको कहाँ कमजोरी भयो ? यसबारे समीक्षा गर्दै दक्ष जनशक्ति नेपालमै राख्ने वातावरण बनाउन अब ढिलाइ गर्नुहुन्न ।

प्राप्त जानकारीअनुसार नेपालमा स्वास्थ्य क्षेत्रमा २०४८ सालदेखि हालसम्म कुनै दरबन्दी थप गरिएको छैन । अझ त्यतिबेला कायम रहेको दरबन्दीमै धेरै संस्थामा दरबन्दी रिक्त छन् । एक तथ्याङअनुसार २०७७/०७८ सम्म नेपालमा स्वास्थ्य क्षेत्रमा ३ लाख ८ हजार २०० दरबन्दी रहेकोमा २ लाख ६३ हजार ४०० मात्र कर्मचारीहरू कार्यरत रहेको र ६३ हजार ८०० भन्दा बढी जनशक्ति नपुग देखाइएको छ ।

तथ्याङ्कअनुसार २०७७/७८ सम्म नेपालको स्वास्थ्य क्षेत्रमा एमबीबीएस चिकित्सक १२,३९६, विशेषज्ञ ८,२९१, स्नातकोत्तर नर्स १३३, स्नातक नर्स १४५२ र स्टाफ नर्स (प्रमाणपत्र तहसमेत) ७७,३१६ कार्यरत थिए तर आवश्यकता भने क्रमशः १५,३००, १४,०७० जना, ३७५ जना, २१५० जना र ८०,२४२ जना थियो । यो हिसाबले डाक्टरहरू (एमबीबीएस) २९०४ जना, विशेषज्ञ ५,७७९ जना, स्नातकोत्तर नर्स २४२ जना, स्नातक नर्स ६९८ जना र प्रमाणपत्र तह २,९१५ जना नपुग देखिन्छ ।

नेपालमा एकातिर स्वास्थ्य क्षेत्रमा बेरोजगारी सङ्ख्या बढिरहेको छ भने अर्कोतिर हजारौँको सङ्ख्यामा स्वास्थ्यकर्मीहरूको अभाव रहेको तथ्याङ्कले देखाइरहेको छ । दरबन्दी बढाउने भन्दा भइरहेको दरबन्दीमै धेरैको सङ्ख्या रिक्त हुनु आश्चर्यको विषय हो । यस विषयमा सरकारले ध्यान दिनु आवश्यक छ ।

नेपालका विभिन्न मेडिकल कलेज र नर्सिङ कलेजहरूबाट वार्षिक हजारौँको सङ्ख्यामा स्वास्थ्य जनशक्ति उत्पादन हुन्छ । ती अधिकांश विदेश जाने गरेका छन् ।

**स्वास्थ्यकर्मीहरू विदेसिनुका कारणहरू:**

१. असुरक्षा : चिकित्सकहरूले आफूलाई असुरक्षित महसुस गरेसम्म राम्रो उपचार हुन गाह्रो हुन्छ । बिरामीहरूको उपचारको क्रममा केही भयो भने पहिले नै चिकित्सकलाई तारो बनाउने विकृति देखिएको छ । यसले चिकित्सकहरूको मनोबल घट्ने गरेको पाइन्छ । चिकित्सकमाथि हातपात गर्ने, भौतिक आक्रमण गर्ने वा अस्पताल तोडफोड गर्ने कुनै दृष्टिले पनि मिल्ने होइन । समय समयमा हुने यस्ता अराजक गतिविधिहरूले चिकित्सकहरूले सधैँ आफूलाई असुरक्षित महसुस गर्ने गरेको पाइन्छ ।

चिकित्सकहरूले बिरामीहरूको स्वास्थ्य राम्रोका लागि नै उपचार गर्छन् । लापरबाही वा हेलचक्राइँ गरेर बिरामीको स्वास्थ्यमा केही तलमाथि भएमा त्यसको जिम्मेवारी भने स्वास्थ्यकर्मीलाई नै बनाउनुपर्छ । गल्ती नगर्दा नगर्दै पनि दोषको भागिदार बन्नुपर्ने अवस्थाले चिकित्सकमा निराशा पैदा गर्छ । काठमाडौँका विभिन्न अस्पतालहरूमा पछिलो समयमा घटेका घटनाहरू यसमा उदाहरणहरू हुन् ।

**२. खर्चअनुसारको सेवा सुविधा नपाउनु :**

चिकित्साशास्त्र अध्ययन गर्न समय, खर्च र मिहिनत अन्य विषयको भन्दा बढी चाहिन्छ । निजी क्षेत्रमा अध्ययन गर्नेहरूले एक जना राम्रो चिकित्सक बन्न कम्तीमा १ करोड बढी खर्च गर्नुपर्ने हुन्छ । त्यस्ता चिकित्सकहरू निजी क्षेत्रमा काम गराउँदा अत्यन्त न्यून तलब, सुविधा र कामको बढी चापले गर्दा उनीहरू विदेशतिर आकर्षित भएको देखिन्छ । सरकारी क्षेत्रमै पनि चिकित्सकहरू र अन्य निजामती कर्मचारीहरूबिचको तलब, सुविधा, समान गर्दा त्यही तलब सुविधामा काम गर्न नचाहनु अर्को कारण हो । पढाइको लागि लिएको ऋण तिर्न नसक्दा धेरैजसोले विदेशी भूमिलाई आफ्नो गन्तव्य बनाएको पाइन्छ । पहिले पहिले बेलायत, अमेरिका, अस्ट्रेलिया जाने गर्थे भने पछिल्लो समयमा माल्दिभ्स, भारत, भुटान जाने बढेका छन् ।

**३) सेवाको भावनामा कमी:**

चिकित्सा पेसा सेवा गर्ने क्षेत्र हो तर निजी क्षेत्रमा महँगो शुल्क तिर्नुपरेको कारण चिकित्सकहरू सेवालाई बिर्सेर हाइ पैसातिर लागेको पाइन्छ । बिरामी र उसका आफन्तहरूले भगवान् नै ठानेर विश्वास गरेका हुन्छन् र धेरै चिकित्सकहरूले पनि त्यही भावनाले काम गरिरहेका हुन्छन् । तर, सबै चिकित्सक सेवाको भावनाले मात्र काम गर्छन् भनेर सोच्नु पनि सही हुँदैन । कतिपय चिकित्सकहरू अस्पतालको फार्मेसीमा भएको औषधि बाहिर किन्न लगाउँछन्, अस्पतालमा हुँदाहुँदै एक्स रे बाहिर गर्न लगाउँछन्, अस्पतालमा आएका बिरामीलाई क्लिनिकमा बोलाउँछन् र पैसा थुत्छन् । उनीहरू आफ्नो कर्तव्य र जिम्मेवारीभन्दा पनि पैसालाई प्राथमिकता दिने चिकित्सकहरू हुन् । उनीहरू राम्रा चिकित्सक होइनन् । त्यसमा पनि चित्त नबुझेर पैसाकै लागि चिकित्सक बनेकाहरू डलर र पाउन्डको लोभमा विदेश जाने गरेका छन् ।

झण्डै दुईतिहाइको रास्वपा सरकारले चिकित्सा पढ्ने विद्यार्थीहरूका लागि पर्याप्त छात्रवृत्तिको व्यवस्था, स्वास्थ्य बीमाको लागि पर्याप्त बजेट विनियोजन, सबै सरकारी अस्पतालहरूमा आवश्यक जनशक्ति र स्वास्थ्य उपकरणहरूको बन्दोबस्त र स्वास्थ्य ऐन ल्याई स्वास्थ्यकर्मीहरूका लागि छुट्टै सेवा सुविधाको बन्दोबस्त गरेको खण्डमा चिकित्सकहरू विदेश पलायन हुनबाट रोक्न सहयोग पुग्नेछ । अन्यथा यही क्रमलाई निरन्तरता दिने हो भने अबको १०।१२ वर्षपछि नेपालमा राम्रा चिकित्सकहरू नपाउने अवस्था आउने सम्भावना देखिँदै छ । यसबारे सरकार बेलैमा सचेत हुन जरुरी छ ।

# फुटसल (Futsal) : एक परिचय

● श्यामसुन्दर मातां

फूटबल विश्व प्रसिद्ध खेल हो । त्यसैले यस खेललाई खेलहरूमध्ये राजा पनि भन्ने गरिन्छ । साथै फूटबल भनेपछि बालकदेखि वृद्धसम्म नरमाउनेहरू कमै मात्र होलान् । तर, फूटबलसँग सम्बन्धित नयाँ खेल फुटसल (Futsal) बारेमा कमै मात्रलाई ज्ञान भएको हुनसक्छ । त्यसैले, नयाँ खेल फुटसलबारेमा केही जानकारी यहाँ उल्लेख गरिएको छ ।

Futsal शब्द पोर्चुगाली शब्द फुटबोल र स्पेनिस शब्द सालोनबाट उत्पन्न भएको हो । पोर्चुगाली शब्द फुटबोलको अर्थ फूटबल र सालोनको अर्थ भित्री भन्ने जनाउँछ । अर्थात्, मिश्रीत रूप फुटसल Indoor Football भन्ने जनाउँछ । यो खेल FIFA बाट आधिकारीक एक Indoor (भित्री) खेल हो । यो खेल सर्वप्रथम उरुग्वेको राजधानी मोन्टेभीडियोबाट सुरुवात भएको हो । साथै यसलाई Five a side Soccer पनि भनिन्छ । यो खेल सन् १९३० बाट सुरुआत भएको देखिन्छ ।

फुटसल खेलको लागि सामान्यतया ४२'x२५' वा ३८'x१८' को खेल मैदान तथा ३ मिटर लम्बाइ र २ मिटर उचाइ भएको गोल पोस्ट आवश्यक पर्दछ । अर्थात्, फूटबल खेलको जस्तो मैदान र गोल पोस्ट आवश्यक पर्दैन । साथै खेलाडी सङ्ख्या पनि प्रतिटीम ५/५ जना मात्र रहेको हुन्छ भने परिवर्तित खेलाडी ७/७ जना व्यवस्था गरिएको हुन्छ । त्यसैगरी, फूटबलमा size ५ को बल प्रयोग गरिन्छ भने यसमा size ४ को बल प्रयोग गरिन्छ जुन फूटबलझैँ उफ्रिँदैन ।

फुटसल खेलको मुख्य विशेषता भनेको खेलाडीहरूलाई तीव्रगतिमा खेल्न प्रेरित गर्नु हो । यस खेलको माध्यमबाट नै फूटबलका महान् हस्तिहरू पेले, सोकरेट्स, जिको, बेवेटो तथा अन्य ब्राजिलियन खेलाडीहरूले आफ्नो खेल कौशलता विकास गरेको मान्यता छ ।

फुटसल खेलका सामान्य नियमहरू यसप्रकार छन् -

१. माथि उल्लेख गरिएझैँ बलको size, सानो मैदान तथा कम खेलाडी हुनु ।

२. फूटबलमा ३ जना मात्र खेलाडी परिवर्तन गर्न सकिन्छ भने फुटसलमा असीमित सङ्ख्यामा खेलाडी परिवर्तन गर्न सकिन्छ ।

३. यस खेलमा गोटी भएको जुत्ता प्रयोग गर्न पाइँदैन ।

४. बल बाहिरिए फूटबलमा Throw in गरिन्छ भने यसमा Throw up गरिन्छ ।

५. फूटबलमा मुख्य रेफ्री र २ जना Lines man गरी ३ जना निर्णायक हुन्छ भने यसमा मुख्य रेफ्री, सहायक रेफ्री र समय वाचक गरी ३ जनाको निर्णायक व्यवस्था गरिएको हुन्छ ।

६. यो खेलको समयावधि ४० मिनेटको हुन्छ भने बल बाहिरिए stop watch रोकिन्छ ।

७. फूटबलमा Time out को व्यवस्था हुँदैन भने यस खेलमा भलिबलमा झैँ दुवै टीमलाई प्रत्येक गेममा एक/एक पटक Time out को व्यवस्था गरिएको हुन्छ ।

८. फूटबलमा offside हुन्छ तर यसमा हुँदैन ।

९. खेलाडीले Red Card पाएमा २ मिनेटपछि पुनस्थापित हुन्छ ।

१०. फुटसलमा सञ्चित गरिएको ( Accumulated foul) को व्यवस्था हुन्छ ।

सामान्यतया फूटबल र फुटसलमा यी भिन्नताहरू रहेको पाइन्छ ।

**नेपालमा फुटसल प्रतियोगिता**

नेपालमा सर्वप्रथम भक्तपुर योङ सर्कलको आयोजनामा अन्तरकलेज उपत्यकाव्यापी फुटसल प्रतियोगिता २०६५ माघ २० देखि माघ २८ गतेसम्म भएको थियो । उक्त प्रतियोगितामा काठमाडौँ उपत्यकाका Prabhat H.S.S., Basu H.S.S., Khwopa College A/B, Golden Gate College, Caspian College, White House College को सहभागिता रह्यो भने प्रतियोगिताको उद्घाटन एन्फाका सह-सचिव तथा ओलम्पिक कमिटीका सदस्य धीरेन्द्र प्रधानले गर्नुभएको थियो ।

यस खेलको लागि ठुलो आकारको मैदान आवश्यक नभएकोले नेपालजस्तो भौगोलिक विविधता भएको देशमा बहुउपयोगी हुन्छ । साथै थोरै खेलाडी भए पुग्ने भएकोले खेलाडी छनोट प्रक्रियामा पनि झन्झटिलो नहुने देखिन्छ । यस खेलले खेलाडीहरूलाई गतिशील बनाउने भएकोले फूटबलको लागि Striker तयारी गर्न मद्दत पुग्नेछ र फूटबल खेल विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

*- आकाश तारा, अङ्क १७ - २०६५ फागुन*

## अफ्रिकी जनताको फ्रान्सेली उपनिवेशवादविरोधी सङ्घर्षको अध्याय


# हो चि मिन्ह र अफ्रिका - ५

हौसला

पुस्तकमा उत्तर अफ्रिकी किसानहरूको विषयमा का. हो चि मिन्हले गहन अध्ययन प्रस्तुत गर्नुभएको छ। उत्तर अफ्रिकी जनतामध्ये बर्बर जातिसँग मात्रै निजी स्वामित्व कायम थियो। ती अल्पमतमा थिए। उदाहरणका लागि अल्जेरियाली जनसङ्ख्याको तीन भागको एक भागले खेतीयोग्य जमिनमध्ये १४ भागको ३ भागमा आफ्नो स्वामित्व राख्थ्यो। ट्युनेसियाली अल्जेरियाली, मोरोकेली, अरबीहरूको भूसम्बन्ध सामान्यतः आदिम साम्यवादी व्यवस्थामा आधारित थियो। कोरान (Koran) जातिका अनुसार भूमि भगवानको सृजना हो, देन हो। त्यसकारण, मानिसले आफ्नो श्रम प्रयोग गरी आफूले इच्छाएको वस्तु उत्पादन गर्न सक्दछ। त्यसकारण, जमिनको स्वामित्व कम्युनसँग हुन्छ भन्ने मान्यता थियो। भूमिको किनबेच हुँदैनथ्यो। सामूहिक भूस्वामित्वको त्यो व्यवस्थालाई ट्युनेसिया र मोरोक्कोमा 'हाब्रे' (Habre) भनिन्छ भनी लेखिएको छ। सामूहिक भूस्वामित्वको त्यो असल व्यवस्थालाई फ्रान्सेली उपनिवेशवादको साम्राज्यले खुला लुटको नीतिले विस्थापन गऱ्यो। हिंसा भड्काउँदै, विध्वंस मच्चाउँदै आक्रमण शैलीमा फ्रान्सेली शासकहरू उत्तर अफ्रिकी किसान लुट्न आइपुगेका थिए। तिनको गुण्डागर्दी र दमन यति बढी थियो कि किसानलाई आफ्नो जमिन त्याग्न बाध्य बनाइयो।

सन् १८४८ मा आक्रमण भयो। १२ हेक्टर जमिनसँगै घरेलु जीवजन्तु अल्जेरियाली किसानबाट खोसियो। त्यतिमात्र होइन जागिरेहरूको जागिर खोसियो। सन् १८७० पछि अलास्काले पनि उपनिवेशवादी भूमिका खेल्न थाल्यो। उपनिवेशवादीहरू आफ्नो सुविधा र आनन्ददायी जीवनका निम्ति अरबका जनतालाई घरबारविहीन बनाउन उत्रेका थिए।

अल्जेरिया र ट्युनिसियामा मात्र




उपनिवेशवादीहरूले स्थानीय किसानको १६ लाख हेक्टर खेतीयोग्य जमिन, २७ लाख हेक्टर ( 2.7million) जङ्गलको जमिन र ८ लाख हेक्टर सामूदायिक जमिन हडपे। तत्कालीन समयमा विभाजित मोरोक्कोबाट ५ लाख ४५ हजार हेक्टर जमिन हडपेका थिए। किसानमाथिको लुट चामत्कारिक र अविश्वसनीय ढङ्गले वृद्धि भएको थियो। एक झट्कामा १ अर्ब ८७ करोड ५ लाख हेक्टर जमिन जफत भएको थियो। सन् १८९५ र १९१० को बिचमा १ लाख ९२ हजार हेक्टर अल्जेरियाको जमिन फ्रान्सेली शासकको हातमा पुगेको थियो। सन् १९१९ र १९२३ मो बिचमा उपनिवेशी प्रशासकले मोरोक्केली किसानबाट ७२ हजार ७ सय हेक्टर जमिन खोसेको थियो। यसरी जमिन खोस्न फ्रान्सेली शासकले अनेक छलकपटको उपायसँगै हिंसा र उपद्रोव मच्चाएका थिए। बर्बर जाति र अल्जेरियाली अरबीहरूलाई हिमाली र पहाडी भेगमा पठाइएको थियो र तिनको जमिन युरोपेली उपनिवेशवादीहरूको हातमा पुगेको थियो।

ट्युनिसियाली किसानहरू जमिनको २५ प्रतिशत भाग सामूहिक 'हाबू' 'जबदग' अन्तर्गत राख्थे अर्थात् त्यो २५ प्रतिशत जमिनबाट उत्पादित अन्न सामाजिक हित, शिक्षा, आवास, सञ्चार र विविध सामूहिक इन्टरप्राइजेहरूका निम्ति खर्च गरिने बन्दोबस्त थियो। यो व्यवस्थाअनुसार व्यक्तिगत स्वार्थका निम्ति 'हाबु' लाई प्रयोग गर्न पाइँदैन बरु सामूहिक हित र सामाजिक उपयोगिताका निम्ति एक समूहबाट अर्को समूहलाई हस्तान्तरण भने हुन्थ्यो।

**सारमा,**

साम्राज्यवाद तथा उपनिवेशवादविरोधी ऐतिहासिक सङ्घर्षले आजको विश्वलाई मार्गनिर्देश गर्दै छ। ती सङ्घर्ष र बलिदानको इतिहास कहिल्यै पुरानो हुनेछैन। साम्राज्यवाद अझ आक्रामक बनिरहेको यो युगमा इतिहासको गहन अध्ययन आवश्यक छ। उपनिवेशवादविरुद्ध भियतनाम र भियतनामी जनताले बहादुरीपूर्वक लडेको एउटा कालखण्डबारे इतिहासमा सुनौलो अक्षरले लेखिएको छ। एसिया, ल्याटिन अमेरिका, अफ्रिकालगायतका देशहरूमा उठेका साम्राज्यवादविरोधी आन्दोलन, समाजवादी क्रान्ति तथा क्रान्तिकारी नेतृत्वबारे चर्चा परिचर्चा पुनः सुरु हुँदै छ। पुस्तक 'हो चि मिन्ह र अफ्रिका' साम्राज्यवाद तथा उपनिवेशवादविरोधी सङ्घर्षको एउटा कालखण्ड उजिल्याउने पुस्तक हो। विदेशी भाषा प्रकाशन गृह, हनोइले सन् १९८० मा प्रकाशन गरेको यस पुस्तकले पाठकहरूलाई सन् १९२० तिरको एसिया महादेशको एउटा मुलुक भियतनाम र अफ्रिकी महादेशमा पुऱ्याउँछ। साम्राज्यवादविरुद्ध एक मार्क्सवादी र लेनिनवादी भई अन्तिम दमसम्म लडेका नेता हो चि मिन्हको छोटो जीवन परिचय प्रस्तुत गर्ने यस पुस्तक अत्यन्त पठनीय छ। कामदारवर्गको सेवामा समर्पित भई, सङ्घर्षको मैदानमा निरन्तर लडिरहने हो चि मिन्ह सरल तर गम्भीर अन्तर्राष्ट्रवादी नेताका रूपमा विश्वविख्यात हुनुहुन्छ।

भियतनामी जनतालाई फ्रान्सेली उपनिवेशवादबाट मुक्त गर्ने बाटोको खोजीमा होले फ्रान्स, युरोपेली देशहरू, पोर्चुगल, अल्जेरिया, ट्युनिसिया र थुप्रै अफ्रिकी देशहरूको भ्रमण गर्नुभयो। बेलायत र अमेरिका नियाल्नुभयो। उहाँ जहाँजहाँ जानुभयो कामदार जनताको माझमा रहनुभयो। जनताको आँसु, पीडा, वेदना बुझ्नुभयो। ती जनतामाथि शासकवर्गको शोषण, अन्याय, अत्याचार महसुस गर्नुभयो। फ्रान्स, बेलायतले उपनिवेश बनाएका देशमा आदिवासीहरूको अवस्था नजिकबाट अध्ययन गर्नुभयो। शासक देशहरूमै पनि कामदार जनताको अत्यन्त नाजुक र दरिद्र अवस्था पढ्नुभयो। एउटा देशमात्र होइन विश्वमै उपनिवेशवादबाट मुक्त हुन कामदार जनता एक हुनुपर्ने विचार प्रवाह गर्नुभयो।

यस पुस्तकमा विशेषतः होले देख्नुभएको र अनुभव गर्नुभएको अफ्रिका र अफ्रिकी तथा एसियाली जनताले चिनेका हो चि मिन्हको व्यक्तित्वबारे चर्चा गरिएको छ। उपनिवेशवादी देशहरूले आफ्ना उपनिवेशहरूमा लुटपाट गरी समृद्धिको होहल्ला गरे। इतिहासमा धनी कहलिएका प्रायः



देशहरू बेलायत, फ्रान्स, बेल्जियम, जापानलगायतका देशहरू उपनिवेशको पथमा हिँडेको स्पष्ट छ। उपनिवेशहरूलाई तिनले एकातिर आफ्नो उद्योग व्यवसायका निम्ति कच्चा पदार्थको स्रोत बनाए भने अर्कोतिर त्यहाँका आदिवासी जनतालाई सस्तो मानव श्रमशक्ति र साम्राज्यवाद जोगाउन उपयोग गरे। अफ्रिकी जनताको रगत पसिनाबाट संरा अमेरिका मोटाएको यथार्थ कसैबाट लुकेको छैन। पहिला फ्रान्स र पछि अमेरिकी उपनिवेशको जालोमा परेका अफ्रिकी जनताले अत्यन्त कष्टसाध्य जीवन बाँचेको, दासतुल्य भएर बाँचेको कालखण्ड पुस्तकले उजागर गर्दछ। हो चि मिन्ह अफ्रिकी जनतामाथि उपनिवेशवादी देशहरूको अमानवीय र विभत्स ज्यादतीको प्रत्यक्षदर्शी बन्नुभयो। लेनिनको पथमा हिँडेका होले उपनिवेशवादविरोधी आन्दोलनलाई समाजवादी क्रान्तिसँग जोड्नुपर्ने र समाजवादले नै मात्र देश र जनतालाई साँचो अर्थमा स्वतन्त्रता र मुक्ति दिलाउने विचार राख्नुहुन्थ्यो। त्यसकारण, उहाँले देशको स्वतन्त्रता आन्दोलनसँगै अन्तर्राष्ट्रिय कामदार वर्गीय आन्दोलनमा जोड दिनुभयो। हजारौँ हजार निर्दोष जनतालाई एकै साथ संहार गर्ने उपनिवेशवादी तथा साम्राज्यवादी शासकहरूको नीतिविरुद्ध उत्रनुभयो। विश्व पुँजीवाद मानिसको व्यापारी भएको स्पष्ट अवधारणा राख्ने होले उपनिवेश देशहरूका जनतालाई दाससरह सिक्रीले बाँधेर किनबेच गर्ने निर्दयी साम्राज्यवादी व्यवस्थाविरुद्ध जहाँ गए पनि आवाज उठाउनुभयो।

प्रथम विश्वयुद्धपश्चात् पेरिसको भर्सिलिजमा भएको शान्ति सम्मेलन पनि साम्राज्यवादीहरूको शक्ति सुगठन अभ्यास थियो। विश्वयुद्धमा हारेका जर्मनी, अस्ट्रिया, हङ्गेरी, टर्की र इटलीलाई शान्ति सम्झौतामा हस्ताक्षर गराउन आयोजना गरिएको उक्त सम्मेलनमा उहाँले पनि भाग लिनुभएको थियो। सो शान्ति सम्मेलन युद्ध जितेका देशहरूविरुद्ध अन्य गठबन्धन नबनोस् भन्ने हेतुले बोलाइएको थियो। संरा अमेरिकी राष्ट्रपति विल्सनले राष्ट्रिय आत्मनिर्णय विषय उत्थान गरेपनि सो विषय साम्राज्यवादी देशको शासनमा औपनिवेशिक जनतालाई फकाउन र बहुमत देशहरूको साथ प्राप्त गर्ने उद्देश्य थियो। त्यतिमात्र होइन रुसको समाजवाद ढाल्ने र भियतनामसहित एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूमा समाजवादी आन्दोलन कमजोर बनाउने उद्देश्य निहित थियो। समयक्रमले त्यो सत्य प्रमाणित पनि गऱ्यो। उहाँले सो सम्मेलनमा उपनिवेशवादविरुद्ध स्वतन्त्रता र मुक्तिको पक्षमा धारणा राख्नुभयो। विशेषतः भियतनामी जनताको हितमा ८ बुँदे प्रस्ताव राख्नुभएको थियो। उहाँले विल्सनको १४ बुँदे दस्तावेजलाई ठुलो छलको संज्ञा दिनुभयो। उहाँले जोड दिनुभयो, "सर्वहारावर्गको मुक्ति नै राष्ट्रिय मुक्तिका निम्ति आवश्यक अवस्था हो। यी दुई अवस्थाले साम्यवाद र विश्व क्रान्तिका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्दछ।"

होले पेरिसमा अन्तरउपनिवेश सङ्घ खडा गरी फ्रान्सेली उपनिवेशहरू र फ्रान्सेली कामदार वर्गबिच सशक्त ऐक्यबद्धता आदानप्रदानमा योगदान पुऱ्याउनुभयो। उहाँले विकसित र सभ्य भनिएका देशहरूको क्रूरता, अमानवीय व्यवहार र आन्तरिक समस्याहरूलाई केलाउनुभयो। हिन्द-चीन र अफ्रिकामा फ्रान्सेली 'सभ्यता अभियान' (Civilizing mission) लाई उहाँले 'हत्याको इन्टरप्राइजेज अर्थात उद्योग' (Interprises of murder) को संज्ञा दिनुभयो। आफ्नो आर्थिक, राजनीतिक र धार्मिक स्वार्थका निम्ति उपनिवेशहरूका जनतामाथि निर्मम व्यवहार गर्नुलाई सभ्यता भनिन्न। पुस्तकमा विभिन्न अमानवीय घटनाबारे उल्लेख गरिएको छ। तीमध्ये एउटा घटना यहाँ प्रस्तुत छ - "एक फ्रान्सेली प्रशासकले बिनाकारण एक अफ्रिकी निग्रो महिलाको जननेन्द्रीयमा उम्लेको रबर खन्यायो। त्यसपछि महिलाको टाउकोमा ठुलो ढुङ्गा बोक्न दिई अत्यन्त टन्टलापुर घाममा हिँड्न लगाइयो। निग्रो महिलाले प्राण नत्यागेसम्म हिँड्न लगाइयो।" के यो असभ्यताको पराकाष्ठा होइन र ? के यो बर्बरताको पराकाष्ठा होइन र ? पुस्तकमा यी प्रश्नहरू उठाइएका छन्। फ्रान्सेली प्रशासकले सभ्यता, शान्तिको कुरा गर्दै व्यवहारमा जङ्गली र हिंस्रक आचरण देखाएकै कारण होले वास्तविकता सतहमा ल्याउनुभयो।

फ्रान्सेली उपनिवेशवादीहरूले समानता र भ्रातृत्वको नारा दिएर चरम असमानता र विभेद हुर्काए। थुप्रै तथ्य र घटनाक्रम पुस्तकभित्र छन्। अफ्रिकी जनतामाथिको जातीय विभेद र रङ्गभेदबारे चर्चा छ। रोग, भोकले थला परेको अफ्रिकाबाट फ्रान्सेली उपनिवेशवादीले प्राकृतिक स्रोतको दोहन, श्रमशक्तिको आपूर्तिसँगै हरेक क्षेत्रमा लुटपाट मच्चायो। उपनिवेशवादीहरूले आदिवासी जनताको रगत र पसिनामा चरम शोषण गरे। आदिवासी जनतालाई आर्थिक उपार्जनसँगै सैन्यशक्तिमा पनि प्रयोग गरे। फ्रान्सले आफूलाई सैन्यवाद विरोधी बताउँछ तर तत्कालीन समयमा फ्रान्सले वार्षिक बजेटको ठुलो भाग सैन्य क्षेत्र, हातहतियारमा विनियोजन गर्थ्यो। शिक्षा र स्वास्थ्यको क्षेत्रमा अत्यन्त न्यून बजेट खर्च गर्थ्यो। एक समय यस्तो पनि आयो कि फ्रान्सको प्रभुत्व या साम्राज्य उपनिवेश देशहरूको जगमा उभियो। हुँदाहुँदा सेना पनि अफ्रिका, एसिया र अन्य देशहरूबाट राखियो। प्रतिक्रान्तिकारी सैन्य दलहरू बनाइए।

फ्रान्सेली साम्राज्यवाद कुन हदसम्म निकृष्ट बने भन्ने दृष्टान्तहरू प्रस्तुत छन्। सभ्यता र मानवीयताको रक्षार्थ लडेका अफ्रिकी काला जातिका जनताको नरसंहार गरियो। त्यतिमात्र होइन ट्युनिसियको भूभागमा शरण खोज्दै आएका लिवियाको ट्रिपोलितानियाली क्षेत्रका वृद्ध, युवा, महिला, बालबालिकाहरूमाथि इटालियाली उपनिवेशको पक्ष लिई फ्रान्सेली बन्दुकधारीहरूले रोकेर अमानवीय दुर्व्यवहार गरे। ती ट्रिपोलितानियाली जनतालाई दुई विकल्प दिइएको थियो। एक फ्रान्सेली शासकबाट नरसंहार, दुई सहारा मरुभूमिमा गई भोक र प्यासबाट मर्ने। तिनीहरूले तेस्रो विकल्प रोजे, आफू उभिएको जमिनमा लडेर बिस्तारै माटोमा विलिन हुने विकल्प। दिन बित्दै गयो, पहिलो चरणमा तिनीहरूको आत्मा मारियो। बच्चाहरूले खड्ग्रग सुकिसकेको आमाको दूध चुस्दाचुस्दै प्राण त्यागे। महिला र वृद्धहरूको शरीरमा हड्डीबाहेक केही बाँकी थिएन। युवाहरूको शरीरमा जीवनको कुनै सङ्केत देखिएन। यसरी फ्रान्सेली साम्राज्यवादले अक्षम्य अपराध गर्न पटक्कै नहिच्किचाएको उदाहरण थुप्रै छन्। सभ्यताको हत्या गरेका कैयौँ दृष्टान्त छन्।

सन् १८२४ तिरको कुरा हो, अफ्रिकी दासहरू व्यापारका निम्ति लगिइँदै थिए। पानीजहाजमा अफ्रिकी दासहरूको सङ्ख्या धेरै थियो। सानो सङ्ख्यामा दासहरू ल्याएको दासव्यापारीहरूलाई खबर भएपछि काला जातिका अफ्रिकीहरूलाई जहाजको छेउमा उभ्याई दुई ठुला तोपहरूले हिर्काएर मारियो। त्योभन्दा अगाडि जहाज गहुँङ्गो भई डुब्न लाग्दा हब्सी दासहरूलाई पानीमा खसालेर मारियो। अफ्रिकामा दासहरूलाई कुकुरलाई घाँटीमा सिक्रीले बाँधेझैँ खुट्टा र पाखुरामा बाँधेर सासना दिइन्थ्यो। २०-३० जनालाई एउटै सिक्रीले बाँधिन्थ्यो। ती एउटै सिक्रीले बाँधिएका अफ्रिकीहरूले खान, दिसापिसाब गर्न, एउटै साँघुरो कोठामा बसी दुःखकष्ट भोग्न पर्थ्यो। विभिन्न रोगहरूको सिकार बन्नुपर्थ्यो। दासहरूलाई मासु तौलेर बेचेझैँ बेचिन्थ्यो। गिनीको पोर्चुगल कम्पनीले ११ हजार टन कालाजातिका दासहरू निर्यात गर्ने सम्झौता गरेको घटनाको स्मरण पुस्तकमा गरिएको छ। त्यो समयमा करिब १ करोड ५० लाख काला जातिका अफ्रिकीहरूलाई अमेरिकामा निर्यात गरिएको थियो। बाटोमा ३० लाख मरे या समुद्रमा डुबाइए। त्यो खालको दास व्यापार सन् १८५० तिर समाप्त भयो तर नयाँ खालको दास व्यवस्था अर्थात् उपनिवेशवाद सुरु भयो। उपनिवेशवादीहरू पनि दासमालिक जतिकै निर्मम र अमानवीय थिए। आदिवासी जनतालाई चोरीको आरोप लगाउने, मट्टीतेल छर्केर जिउँदै जलाउने, मजदुरहरूका हातखुट्टा काट्नेजस्ता अपराधमा उपनिवेशवादीहरू रमाउँथे। एकपटक अरबको मरुभूमिमा तीसजना अल्जेरियाली आदिवासीलाई जमिनमा तीस ओटा खाल्डो खनी नाङ्गै तातो माटोले पुरेको घटना मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। ती तीस जना मानिसलाई घाँटीसम्म माटोले पुरियो। एकैचोटि नमरोस् भनेर टाउको चर्को घाममा राखियो। यसरी समय - समयमा पानी खन्याइयो। आधा घण्टामा अनुहार डढिसकेको थियो। कति असह्य पीडा भएको होला ? अत्यन्त क्रूर यातना दिएर मारिए।

उपनिवेश देशहरूमा साम्राज्यवादीहरूले माग गरेको सामान उत्पादन हुन सकेन भने तिनलाई सजाय दिइन्थ्यो। एकपटक बान्गी जाति गुणस्तरीय रबर प्रदान गर्न असमर्थ भए। तत्काल शासकहरूले ५८ कामदार महिला १० बालबालिकालाई कारागारमा थुने। तिनीहरूलाई हावा, प्रकाश, खाना र पानीबाट वञ्चित गरियो। तीन हप्ता त्यसरी कैद गरिइँदा अधिकांश बन्दी कारागारभित्रै मरे। अफ्रिकामा उपनिवेशवादीहरूले हजारौँ हजार अफ्रिकी जनता र प्रगतिशील दस्ताको नरसंहारका घटना उल्लेख गरी साध्यै छैन। युरोप र पश्चिमको इतिहास र उपनिवेशवादकै इतिहास सुरुदेखि अन्तसम्मै आदिवासीहरूको रगतले भिजेको छ।

हो चि मिन्हले अफ्रिकामा उपनिवेशवादविरुद्ध स्वतन्त्रताका निम्ति आवाज दिनुभयो। अफ्रिकी न्यायप्रेमी जनता भियतनामी क्रान्तिबाट प्रभावित थिए। उत्तर अफ्रिकामा किसानहरूको अवस्थाबारे मिहीन अध्ययन पुस्तकमा छ। आदिवासी किसानको भूमिमा उपनिवेशवादीहरूको कब्जादेखि अफ्रिकी किसानहरूको फसल खाने काम निरन्तर चल्यो। त्यही कारण उत्तर अफ्रिकामा भोकमरी सुरु भयो। गरिबी, भोकमरी, अभावको कुचक्रले जनता प्रताडित बने। हिन्द-चीनमा भियतनामी जनतामाथि जसरी दमन गरिएको थियो त्यसरी नै कङ्गोमा काला जाति र उत्तर अफ्रिकी आदिवासीमाथि दमन हुन्थ्यो। उत्तर अफ्रिकी किसानहरूले डरलाग्दो जङ्गलमा राति गार्ड बस्नुपर्ने, सलह नष्ट गर्नुपर्ने, खेती रेखदेख गर्नुपर्ने हुन्थ्यो। सारमा भन्ने हो भने अफ्रिकी मजदुर-किसानले उपनिवेशवादीहरूको सुख, समृद्धिका निम्ति आफ्नो हाडछाला घोट्नुपर्थ्यो। आर्थिक उपार्जनको प्रमुख स्रोत आदिवासी जनता नै थिए।

पुस्तकमा कम्युनिस्ट अन्तर्राष्ट्रियको पाँचौँ सम्मेलनमा उठेका राष्ट्रिय तथा औपनिवेशिक सवालहरूमा तयार पारिएको प्रतिवेदन सङ्कलित छ। साथै सन् १९२५ को समयमा फ्रान्सेली उपनिवेशको विषयमा लेखिएका निबन्धहरू छापिएका छन्।

अफ्रिका र एसियाली मुलुकहरूमा उपनिवेशवादको इतिहास अन्याय र क्रूरताको इतिहास हो। हत्या हिंसा, नरसंहार, लुटपाट, बलात्कार, डकैतीको इतिहास हो। फ्रान्ससँगै करिब ४० कम्पनीहरूले अफ्रिकी महादेशमा उपनिवेश लादेको इतिहास पीडादायक छ। आफ्नो देशमा आफै पराइ हुनुपर्दाको पीडा औपनिवेशिक जनतालाई थाहा हुन्छ। आफ्नै माटोमा बिनाकारण शत्रुको ज्यादती सहनुपर्दाको वेदना अफ्रिकी जनतालाई थाहा छ। आज पनि अफ्रिकी जनता संरा अमेरिकी साम्राज्यवादको जाँतोमा पिल्सिएका छन्। आर्थिक सहायता र अनुदानको नाममा संरा अमेरिकाले अफ्रिकी मुलुकहरूलाई आर्थिकरूपमा आत्मनिर्भर बन्न नसक्ने बनाएको छ। अफ्रिकी महादेशलाई स्वतन्त्र र मुक्त बनाउन आज पनि लेनिनको विचार आवश्यक छ। हो चि मिन्ह्को भावना जरुरी छ।

ऐतिहासिकरूपमै महत्त्वपूर्ण यस पुस्तकको व्यापक चर्चा र छलफलले नयाँ पाठकहरू प्रशिक्षित जरूर हुनेछन्। नेपाली साहित्य जगतमा हो चि मिन्ह र अफ्रिकाको इतिहासबारे लेखिएका पुस्तक निकै थोरै छन्। अझ साम्राज्यवाद तथा उपनिवेशवादविरुद्ध लेखिएको यस्तो सङ्ग्रहणीय पुस्तक त खोज्नैपर्ने हुन्छ।

*समाप्त*



यमनको राजधानी साना सहरमा प्यालेस्टिनी जनता इजरायलसित लडिरहेको लेबनान र हेजबुल्लाहप्रति समर्थन जनाउँदै हातमा कुरानको तस्बिर र राइफल बोकी प्रदर्शनमा उत्रेका हुथी लडाकुहरू तथा यमनी जनता मे १८, २०२६ का दिन। लेबनानसित भएको युद्धविरामको घोर उल्लङ्घन गरी इजरायलले लेबनानमाथि विध्वंसक आक्रमण गर्दै निर्दोष लेबनानी जनताको हत्या गर्दै आएको छ। *तस्बिर : मोहम्मद हुवास/एएफपी*

# रुसद्वारा आणविक अभ्यास सुरु

मस्को, १९ मे (एएफपी)। युक्रेन युद्ध तीव्र भइरहेका बेला रुसले देशभरका हजारौँ सैनिक सहभागी गराउँदै तीन दिन लामो ठुलो स्तरको आणविक हतियार अभ्यास सुरु गरेको छ। किएभले ड्रोन आक्रमणहरू बढाइरहेका र राष्ट्रपति भ्लादिमिर पुटिन चीन भ्रमणमा जानुअघि भएको यो अभ्यासलाई रणनीतिक रूपमा महत्त्वपूर्ण सङ्केतका रूपमा हेरिएको छ।

रुसी सेनाले मङ्गलबारदेखि मे १९ देखि २१ सम्म सञ्चालन हुने उक्त अभ्यासमा आक्रमणको सम्भावित खतरा सामना गर्ने परिस्थितिमा आणविक शक्तिको तयारी र प्रयोगसम्बन्धी परीक्षण गरिने जनाएको छ। रक्षा मन्त्रालयका अनुसार यो अभ्यासले देशको आणविक क्षमता र आपतकालीन अवस्थाको तयारीलाई सुदृढ बनाउने उद्देश्य राखेको छ।

रुसले युक्रेनमा करिब चार वर्षभन्दा बढी समयदेखि जारी आक्रमणका क्रममा बारम्बार आणविक हतियार प्रयोगको चेतावनी दिँदै आएको छ। पछिल्लो अभ्यास पनि त्यही पृष्ठभूमिमा आएको हो, जहाँ मस्को र पश्चिमी मुलुकबिचको तनाव उच्च बनेको छ।

रक्षा मन्त्रालयले जारी गरेको विवरणअनुसार यस अभ्यासमा ६५ हजारभन्दा बढी सैनिक सहभागी हुनेछन्। साथै सात हजार ८०० प्रकारका उपकरण तथा हतियार प्रणाली प्रयोग गरिनेछ, जसमा २०० भन्दा बढी मिसाइल प्रक्षेपण प्रणाली समावेश छन्। अभ्यासमा विमान, युद्धपोत, पनडुब्बी र आणविक पनडुब्बीसमेत सहभागी हुने जनाइएको छ।

यस क्रममा ब्यालेस्टिक र क्रुज मिसाइलहरूको परीक्षण पनि गरिने बताइएको छ, जसले रुसको आणविक प्रतिरोध क्षमता र तयारी अवस्था मूल्याङ्कन गर्नेछ।

मन्त्रालयका अनुसार यो अभ्यासमा बेलारुसमा तैनाथ आणविक हतियारसँग सम्बन्धित संयुक्त अभ्यास पनि समेटिएको छ। रुसले नाटोसँगको सीमामा रहेको आफ्नो सहयोगी बेलारुसमा पहिले नै आणविक क्षमतायुक्त ओरेसनिक मिसाइल प्रणाली तैनाथ गरिसकेको छ।

यसैबिच, रुस-अमेरिका बिचको पछिल्लो प्रमुख आणविक हतियार नियन्त्रण सम्झौता समाप्त भएको केही महिनापछि यो अभ्यास गरिएको हो। उक्त सम्झौता समाप्त भएपछि विश्वका दुई ठुला आणविक शक्ति राष्ट्रबिचको औपचारिक नियन्त्रण संरचना कमजोर बनाएको मानिएको छ।

पुटिनले मस्कोको आणविक शक्तिबारे हालै गरेका कडा टिप्पणीहरूका बिचमा यो अभ्यास सार्वजनिक गरिएको हो। विश्लेषकहरूका अनुसार यसले रुसको सैन्य तयारी र रणनीतिक दबाब दुवैलाई प्रदर्शन गर्ने उद्देश्य राखेको छ।

यो अभ्यास राष्ट्रपति पुटिन चीनतर्फ दुईदिने भ्रमणमा प्रस्थान गर्नुअघि केही घण्टाअघि घोषणा गरिएको हो, जसलाई अन्तर्राष्ट्रिय कूटनीतिक सन्दर्भमा पनि चासोका साथ हेरिएको छ।

# सिमी भ्यालीमा डढेलोको कहर हजारौँ विस्थापित हुने जोखिम

लस एन्जलस, १९ मे (एएफपी)। अमेरिकाको लस एन्जलस नजिकैको सिमी भ्याली क्षेत्रमा सोमबार लागेको भीषण ब्रस फायर (घाँसे तथा झाडी क्षेत्रको आगलागी) तीव्र हावाका कारण तीव्र रूपमा फैलिँदा हजारौँ बासिन्दालाई घर छोड्न बाध्य पारिएको छ। आगलागी नियन्त्रणका लागि अग्निनियन्त्रकहरू सङ्घर्षरत रहँदा अधिकारीहरूले विभिन्न क्षेत्रमा आकस्मिक निकासी आदेश जारी गरेका छन्।

लस एन्जलसको डाउनटाउन क्षेत्रबाट करिब ४० माइल अर्थात् ६० किलोमिटर उत्तरपश्चिममा रहेको सिमी भ्यालीमा सोमबार बिहान आगो सुरु भएको थियो। करिब एक लाख २५ हजार जनसङ्ख्या रहेको उक्त क्षेत्रमा आगो फैलिन थालेपछि स्थानीय प्रशासन र अग्नि नियन्त्रण निकाय उच्च सतर्कतामा पुगेका छन्।

क्यालिफोर्नियाको अग्निनियन्त्रण निकाय क्यालफायरका अनुसार सोमबार साँझसम्म प्रतिघण्टा ३५ माइल अर्थात् ५६ किलोमिटरको गतिमा चलेको हावाले आगोलाई अझ फैलाउन मद्दत गरेको थियो। तीव्र हावाका कारण आगलागी छोटो समयमै एक हजार ३६४ एकड अर्थात् ५५२ हेक्टर क्षेत्रफलमा फैलिएको जनाइएको छ।

आगलागीका कारण कम्तीमा एउटा घरमा क्षति पुगेको पुष्टि भएको छ। यद्यपि, हालसम्म कुनै मानवीय क्षति वा घाइते भएको विवरण सार्वजनिक गरिएको छैन। अधिकारीहरूले आगो थप बस्ती क्षेत्रमा फैलिन सक्ने जोखिमलाई ध्यानमा राख्दै सिमी भ्याली र छिमेकी सहर थाउजेन्ड ओक्सका केही भागमा तत्काल निकासी आदेश जारी गरेका छन्।

त्यसैगरी, उत्तरी लस एन्जलसका विभिन्न आवासीय क्षेत्रमा पनि निकासी चेतावनी जारी गरिएको छ। स्थानीय प्रशासनले बासिन्दाहरूलाई आवश्यक सामग्री तयारी अवस्थामा राख्न, सुरक्षासम्बन्धी सूचनामा ध्यान दिन र परिस्थिति बिग्रिएमा तुरुन्त सुरक्षित स्थानतर्फ जान आग्रह गरेको छ।

लस एन्जलसका मेयर करेन बासले पत्रकार सम्मेलनमार्फत निकासी चेतावनी जारी भएका क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सतर्क रहन आग्रह गर्नुभयो। उहाँले तत्काल घर छोड्न आवश्यक नभए पनि परिस्थिति जटिल बन्न सक्ने भएकाले पूर्वतयारी अवस्थामा रहनुपर्ने बताउनुभयो।

मेयर बासका अनुसार हालको अवस्थालाई हेर्दा आगो लस एन्जलस सहरसम्म पुग्ने सम्भावना कम देखिएको छ। तर, मौसम र हावाको अवस्थाले परिस्थिति जुनसुकै बेला बदलिन सक्ने भएकाले सुरक्षा निकायले निगरानी र नियन्त्रण प्रयासलाई निरन्तरता दिएका छन्।

सोमबार साँझतिर हावाको गति केही कमजोर भए पनि क्यालफायरले आगो नियन्त्रण अझै चुनौतीपूर्ण रहेको जनाएको छ। मौसम पूर्वानुमानमा उच्च तापक्रम, दिउँसोको कम आर्द्रता तथा भूभागबाट प्रभावित हावाले आगो निभाउने प्रयासमा कठिनाइ थपिरहेको उल्लेख गरिएको छ।

अमेरिकाको पश्चिमी क्षेत्रमा पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन, लामो खडेरी र अत्यधिक गर्मीका कारण यस्ता वन तथा झाडीजन्य आगलागीका घटना बढ्दै गएका छन्। क्यालिफोर्निया विशेष रूपमा हरेक वर्ष भीषण आगलागीको जोखिममा पर्ने क्षेत्रका रूपमा चिनिँदै आएको छ।

## विश्व सङ्क्षेप

# फ्लोटिलामा भएको इजरायली आक्रमणको चौतर्फी निन्दा

जाकार्ता (इन्डोनेसिया), १९ मे (सिन्हवा)। विश्वव्यापी समुद्र फ्लोटिलामा भएको पछिल्लो इजरायली आक्रमणको इन्डोनेसियासहित विभिन्न दस देशका विदेश मन्त्रीहरूले निन्दा गरेका छन्।

इन्डोनेसियाको विदेश मन्त्रालयको सामाजिक सञ्जाल एक्समार्फत विज्ञप्ति जारी गरी निन्दा गरेको बताएको हो। टर्की, बङ्गलादेश, ब्राजिल, कोलम्बिया, इन्डोनेसिया, जोर्डन, लिबिया, माल्दिभ्स, पाकिस्तान र स्पेनका मन्त्रीहरूले अन्तर्राष्ट्रिय समुद्री मार्ग फ्लोटिलाविरुद्ध इजरायली आक्रमणबारे गम्भीर चिन्ता व्यक्त गरेको जनाइएको छ। उनीहरूले फ्लोटिलामा नागरिक जहाजहरू र मानवीय कार्यकर्ताहरूलाई लक्षित गरी गरेको शत्रुतापूर्ण कार्यहरूको निरन्तरताको निन्दा गरेका छन्।

उनीहरूले जहाजहरूमा आक्रमण र कार्यकर्ताहरूलाई मनमानी हिरासतमा राख्नु अन्तर्राष्ट्रिय कानुन र मानवीयता स्पष्ट उल्लङ्घन भएको बताएका छन्।

मन्त्रीहरूले फ्लोटिलामा नागरिकहरूको सुरक्षाका विषयमा गम्भीर चिन्ता व्यक्त गर्दै सबै हिरासतमा रहेका कर्मचारीहरूको तत्काल रिहाइ र उनीहरूको अधिकार र मर्यादाको पूर्ण सम्मान गर्न आह्वान गरेका छन्।

अन्तर्राष्ट्रिय समुदायलाई आफ्नो कानुनी र नैतिक जिम्मेवारी कार्यान्वयन गर्न आह्वान गर्दै मन्त्रीहरूले नागरिक र मानवीय मिसनहरूको रक्षा गर्न र उल्लङ्घन गर्नेहरूका लागि जवाफदेहिता सुनिश्चित गर्न ठोस कदम चाल्न आग्रह गरेका छन्।

सोमबार, इजरायली नौसेना बलले ग्लोबल सुमद्री क्षेत्र फ्लोटिलाका जहाजहरूलाई गाजा पुग्नबाट रोकेको इजरायली मिडियाले रिपोर्ट गरेका छन्।

# अफगानिस्तानमा घर भत्किँदा तीन जनाको मृत्यु, एक घाइते

काबुल (अफगानीस्तान), १९ मे (सिन्हवा)। पूर्वी अफगानिस्तानको नङ्गरहार प्रान्तमा सोमबार आएको शक्तिशाली आँधीका कारण एउटा घर भत्किँदा एक जना महिला र एक जना बच्चासहित तीन जनाको मृत्यु भएको र अर्को एक जना गम्भीर घाइते भएको प्रान्तीय सरकारले मङ्गलबार जनाएको छ।

अचिन जिल्लाको अब्दुलखैल क्षेत्रमा उक्त दुर्घटना भएको जनाइएको छ। सुरक्षाकर्मी र स्थानीय बासिन्दाहरूले भत्केर क्षतिग्रस्त घरको भग्नावशेषबाट पीडितको शव बरामद गरेका विज्ञप्तिमा उल्लेख गरिएको छ। एक जना १० वर्षीया बालिकालाई भग्नावशेषबाट जीवितै बाहिर निकाली तत्काल उपचारका लागि नजिकैको अस्पतालमा सारिएको उल्लेख गरिएको छ।

अफगानिस्तानमा मौसमी प्रकोपको बिचमा आँधी आएको जनाइएको छ। आधिकारिक तथ्याङ्कअनुसार अप्रिल महिनामा मात्रै आएको भारी वर्षा, आकस्मिक बाढी र तिव्र आँधीबेहरीले अफगानिस्तानमा २०० भन्दा बढीको ज्यान लिएको छ। जसमध्ये धेरै महिला तथा बालबालिका भएको जनाइएको छ भने २५० भन्दा बढी घाइते भएका छन्।

# कङ्गोमा इबोला बढ्दो प्रकोपबारे डब्ल्यूएचओ चिन्तित

जेनेभा, १९ मे (एएफपी)। विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयससले कङ्गो लोकतान्त्रिक गणतन्त्रमा फैलिएको इबोला प्रकोपबारे चिन्ता व्यक्त गर्नुभएको छ। उहाँले पछिल्लो समयमा युगान्डामासमेत फैलिरएको इबोला प्रकोपका कारणले १३१ जनाको मृत्यु भएको बताउनुभएको छ।

डब्ल्यूएचओका प्रमुख गेब्रेयससले यसअघि आइतबार इबोला प्रकोपलाई अन्तर्राष्ट्रिय चिन्ताको विषय भन्दै सार्वजनिक स्वास्थ्य आपत्काल (पीएचईआईसी) घोषणा गर्नुभएको थियो।

जेनेभामा विश्व स्वास्थ्य सभामा बोल्दै उहाँले इबोलाको महामारीको परिमाण र गतिको बारेमा चिन्तित रहेकाले आपत्कालको घोषणा गरेको जनाउनुभएको छ।

उहाँले आवश्यक सल्लाहका लागि मङ्गलबार पछि एजेन्सीको आपत्कालीन समिति बोलाउने बताउनुभएको छ।

कङ्गोका स्वास्थ्य मन्त्रीले गत हप्ताको अन्त्यमा घोषणा गरिएको इबोला प्रकोपबाट १३१ जनाको मृत्यु भएको उल्लेख गर्दै ५१३ जना सङ्क्रमित भएको बताउनुभएको छ।

कङ्गोको उत्तरपूर्वी इटुरी प्रान्तमा अहिलेसम्म ३० जना इबोला सङ्क्रमित भएको पुष्टि भएको टेड्रोसले बताउनुभएको छ।

युगान्डाले पनि डब्लूएचओलाई राजधानी कम्पालामा दुई जनामा सङ्क्रमण पुष्टि भएको जानकारी दिएको छ, जसमध्ये एक जनाको मृत्यु भएको डब्लुएचओको वार्षिक बैठकमा बताइएको छ।

उहाँले एक जना अमेरिकी नागरिकमा सङ्क्रमणको रिपोर्ट सकारात्मक पुष्टि भएपछि जर्मनीमा सारिएको अमेरिकाले रिपोर्ट गरेको बताउनुभएको छ।

सङ्क्रमणको पुष्टि भएका मामिलाहरूको सङ्ख्या र क्षेत्र बढ्दै जाँदा सङ्क्रमितको सङ्ख्या अझै बढ्ने बताउँदै टेड्रोसले सङ्क्रमण पत्ता लगाउने प्रयोगशाला र परीक्षणलाई सुदृढ पार्नु आवश्यक रहेको बताउनुभएको छ।

उहाँले कम्पालालगायतका सहरी क्षेत्रहरूका, साथै कङ्गोली सहर गोमामा सङ्क्रमणका घटनाहरू रिपोर्ट गरिएको बताउँदै यस क्षेत्रमा उल्लेखनीय जनसङ्ख्याको आवागमन भएको पनि औँल्याउनुभएको छ।

इटुरी प्रान्त अत्यधिक सङ्मणबाट असुरक्षित रहेको बताउँदै उहाँले पछिल्लो समयमा बढ्दो द्वन्द्वले यस क्षेत्रमा एक लाखभन्दा बढी मानिसहरूलाई नयाँ विस्थापित भएको बताउनुभएको छ।

उहाँले स्वास्थ्य कार्यकर्ताहरूको समेत इबोला सङ्क्रमणको कारण मृत्यु भएको रिपोर्ट गरिएको उल्लेख गर्नुभएको छ।

हार्दिक समवेदना

जन्म
१९९३/०७/०१



स्वर्गारोहण
२०८३/०२/०२

नेपाल मजदुर किसान पार्टी भनपा ५ का सदस्य
श्री नारायणभक्त भेलेका पूजनीय पिता **कृष्णभक्त भेले** को
असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै
शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**नेपाल मजदुर किसान पार्टी**
भ.न.पा.५

# उच्च रक्तचापको समस्या : हामी कहाँ चुक्छौं ?

✍ डा. मिलनप्रकाश श्रेष्ठ

काठमाडौं । उच्च रक्तचाप सुन्दा सामान्य लागे पनि यसले गर्ने भयानक असरबारे मानिसमा पर्याप्त जानकारी नभएकाले होला, खासै महत्त्व दिएको पाइँदैन । यसले उच्च रक्तचापले गर्ने दुर्घटना प्रत्यक्ष देखेका हुन्छन्, भोगेका हुन्छन्, उनीहरूले मात्रै उच्च रक्तचाप यस्तो रहेछ भनेर आत्मसात् गरेका हुन्छन् । उच्च रक्तचापको औषधि खायो भने यस्तो हुन्छ रे, जिन्दगीभरि खानुपर्छ रे, 'साइड-इफेक्ट' गर्छ रे भन्ने धेरै किसिमका भनाइ सुनिन्छन् तर औषधि नखाई सधैँ उच्च रक्तचाप लिएर हिँड्दा के के खतरा हुन्छ भन्ने धेरैले विचार गरेको देखिँदैन ।

**लक्षणबिनाको उच्च रक्तचाप**

उच्च रक्तचाप भएका बिरामी सबैलाई लक्षण देखिनैपर्छ भन्ने छैन । कसैलाई १५० पुग्नासाथै टाउको दुख्ने, रिँगटा लाग्ने भएर आइपुग्छन् भने कोही कोहीमा माथिको (सिस्टोलिक) प्रेसर २५० पुग्दा पनि कुनै लक्षण नदेखिने हुनसक्छ । बिरामी अन्य कुनै कारणका लागि प्रेसर जाँच गर्दा उच्च देखिएपछि डाक्टर कहाँ पुग्छन् । कतिपय अवस्थामा रक्तचाप उच्च भएर पनि लक्षण नदेखिनु भनेको लक्षण देखिने रक्तचापभन्दा खतरनाक हुनसक्छ । यस अर्थमा कि लक्षण नदेखिँदा आफूलाई सबै ठिकै छ, म स्वस्थ छु भन्ने पर्छ र कुनै बेला त्यही रक्तचापले ठुलै समस्या गराउन सक्छ ।

केही लक्षण नदेखिए पनि निरन्तर उच्च रक्तचापले शरीरका अङ्गहरू विशेषगरी मुटु, मिर्गौला, आँखा र मस्तिष्कमा पुऱ्याउने क्षति पुऱ्याई नै रहेको हुन्छ । रक्तचाप उच्च भएर पनि लक्षण नदेखिने बिरामी नै एकैचोटि हृदयाघात, मस्तिष्कघात भइसकेको अवस्थामा पनि आउने गरेको भेटिएको छ । त्यसैले आफ्नो उच्च रक्तचाप समय समयमा देखाइरहनु आवश्यक छ । साथै रक्तचाप उच्च भएर लक्षण नदेखिए पनि भविष्यमा हुनसक्ने क्षतिबाट बच्न औषधि सेवन आवश्यक छ ।

**औषधि सुरु गर्न हिच्किचाहट**

उच्च रक्तचापले गर्नसक्ने खतराबारे आवश्यक ज्ञान नभएकाले नै होला उच्च रक्तचापको औषधि भनेपछि हिच्किचाइहाल्छन् । उच्च रक्तचाप त्यति धेरै उच्च नभएको अवस्थामा, पहिलोपल्ट देखिएको उच्च रक्तचाप, तथा शरीरका अङ्गहरूमा क्षति नपुगिसकेको अवस्थामा केही महिना औषधि नखाई अन्य उपाय अवलम्बन गरेर उच्च रक्तचाप घटाउन कोसिस गर्न सकिन्छ । तर, यी उपायहरू अपनाउँदा पनि उच्च रक्तचाप उच्चै रहिरहेमा औषधि सुरु गर्न धेरै ढिला गर्नु हुँदैन ।

उच्च रक्तचापको औषधिको मुख्य काम उच्च रक्तचापलाई नियन्त्रणभित्र राख्नु हो । उच्च रक्तचापलाई नियन्त्रणभित्र राखेर शरीरका अन्य अङ्गहरूमा क्षति पुग्नबाट यसले बचाइराखेको हुन्छ । नियमित औषधि सेवन गर्दै जाँदा र चिकित्सकको सल्लाहबमोजिम खानामा परहेज, नियमित व्यायाम आदि गर्दै गएमा कुनै समय उच्च रक्तचाप घट्दै पनि जानसक्छ । बारम्बार नाप्दा पनि आवश्यकभन्दा घट्दै गएको पाइएमा चिकित्सकको सल्लाह लिएर खाने औषधिको मात्रा कम वा औषधि नै बन्द पनि गर्न सकिन्छ ।

**औषधि खाएपछि 'साइड-इफेक्ट' गरिहाल्छ भन्ने भ्रम**

साइड-इफेक्ट सबै औषधिको हुन्छ । उच्च रक्तचापका औषधिहरूको पनि आफ्नै किसिमका साइड इफेक्टहरू छन् । तर, ती सबै साइड इफेक्टहरू सधैँ सबैलाई हुने सम्भावना मात्रै हो, हुन्छ नै भन्ने होइन । कुनै साइड-इफेक्ट छोटो समयमै देखापर्छन् भने कुनै २०-३० वर्षको लगातार औषधि सेवनपछि देखिन्छन् । डाक्टरको सम्पर्कमा बसेर डाक्टरको सल्लाहअनुसार नियमित चेक जाँच गरिरहेमा साइड इफेक्टहरू हुन थालेमा तुरुन्तै पत्ता लाग्छ ।

साइड-इफेक्ट भएको थाहा पाएमा औषधि अदलबदल गरेर साइड-इफेक्टले गर्ने क्षतिबाट बच्न सकिन्छ । तर, साइड-इफेक्ट गर्छ भनेर औषधि सुरु नगरी सधैँ उच्च रक्तचाप लिएर बस्दा प्यारालाइसिस, हृदयाघात हुने, मिर्गौला कामै नलाग्ने अवस्थामा पुग्ने, आँखाको ज्योति गुम्नेजस्ता भयानक असरहरू हुनसक्छन् जुन असरहरूको तुलनामा औषधिको साइड-इफेक्टहरू केही होइनन् ।

उच्च रक्तचापका कुनै औषधि खाँदा खुट्टा सुन्निने समस्या हुनसक्छ । कुनैले मुटुको ढुकढुकी बढाउन सक्छ । कुनैले ढुकढुकी चाहिनेभन्दा कम गराउन सक्छ । उच्च रक्तचापकै कुनै औषधिले सुक्खा खोकी लाग्ने गर्छ । कुनै औषधि सुरु गरेपछि पहिले नहुने स्वाँ..स्वाँ.. सुरु भएको हुनसक्छ । कुनै औषधिले मिर्गौलामा असर पार्न पनि सक्छ । एक किसिमको औषधिले लोग्ने मानिसको लिङ्गको उत्तेजनामा कमी, यौन इच्छामा कमी आउने आदि समस्या गराउन सक्छ । उच्च रक्तचापको औषधि सुरु गरेपछि पहिले नभएको समस्या देखापरे जस्तो लागे आफ्नो डाक्टरसँग सम्पर्क राखिहाल्नुपर्छ । यो साइड-इफेक्ट औषधि खानासाथै सबैलाई सधैँ हुने कुरा होइन ।

औषधि सुरु गर्दा नभएका लक्षणहरू पछि सुरु भएमा आफ्नो चिकित्सक कहाँ तुरुन्तै सम्पर्क राखिहाल्नुपर्छ । त्यसैले, उच्च रक्तचापको औषधि विशेषज्ञ डाक्टरसँग परीक्षण गरेर मात्र सुरु गर्नुपर्छ । कुनै परीक्षण नगराई मेडिकलबाट सिधै किनेर खाने बानी गर्नुहुँदैन । साथै औषधि सुरु गरेपछि उच्च रक्तचाप ठिकै रहिरहे पनि तथा शारीरिक, मानसिक रूपमा ठिकै लागे पनि कम्तीमा १५ दिनमा एकचोटि उच्च रक्तचाप नाप्ने बानी बसाल्नैपर्छ र डाक्टरसँग कम्तीमा तीन महिना र बढीमा छ महिनामा एकचोटि भेट्नै पर्नेपर्छ ।

**अपनाउनुपर्ने सावधानी**

उच्च रक्तचाप बढाउनुमा धूम्रपान तथा रक्सीको पनि उत्तिकै योगदान रहन्छ । उच्च रक्तचाप भएका व्यक्तिहरूले कुनै पनि किसिमको नशाको सेवन गर्नुहुँदैन । यस्ता वस्तुले उच्च रक्तचापलाई नियन्त्रणमा राख्न गाह्रो हुने, एकभन्दा बढी औषधिको सेवन गर्नुपर्ने अवस्था निम्त्याउँछ । उच्च रक्तचाप नियन्त्रणका लागि चलाइने औषधि मानिसको शारीरिक बनावट, वजन, साथमा रहेको अरू समस्या, खानपान, उसले गर्ने शारीरिक व्यायाम आदिमा भर पर्छ । त्यसैले, कसैलाई एउटा औषधिको सानो डोज मात्र खाए पुग्छ भने कसैलाई दुई, तीनवटा त्यो पनि दिनको दुई पटक वा बढी पनि खानुपर्ने पनि हुनसक्छ । उच्च रक्तचापको औषधि कति मात्राको खाने भन्ने कुरा मानिस मानिसमा निर्भर गर्छ ।

विशेषगरी घरमा एक्लै बस्ने, कम पढेलेखेका, नपढेका बिरामीमा तथा उच्च रक्तचापका साथै अन्य समस्याको पनि औषधि खाने बिरामीमा यो समस्या देखिन्छ । एउटाभन्दा धेरै गोली खानुपरेको अवस्थामा यस्ता बिरामी झुक्किएर एउटा खानुपर्नेमा दुई पटक खाएको, खानुपर्ने नखाएको, राति खानुपर्ने बिहान खाएको, खानापछि खानुपर्ने अगाडि खाएको आदि समस्या सामान्य हुन् । अझ कति त औषधि सकिएपछि ल्याइदिने मान्छे नभएको भनेर औषधि खानै बन्द गरेर पनि आउँछन् । यसको कारण रक्तचाप अनियन्त्रित भइदिन्छ र कतिपय अवस्थामा प्यारालाइसिस, हृदयाघात भएको अवस्थामा पनि बिरामी आउँछन् । यस्तो कुरामा घरमा भएका पढेलेखेका मानिसहरूको गहन जिम्मेवारी हुन्छ । त्यस्ता बिरामीहरूलाई नामभन्दा पनि औषधिको आकार, रङ तथा साइजको जानकारी बढी हुन्छ । एकभन्दा बढी औषधि खानुपरेको अवस्थामा हरेक औषधिलाई छुट्टाछुट्टै सानो सानो बट्टामा राखेर यो बट्टाको यतिखेर खाने भनेर बुझाउने गरेमा गल्ती हुने समस्या कम हुन्थ्यो कि ?

**मानसिक तनावको व्यवस्थापन**

मानसिक समस्याको व्यवस्थापन स्वस्थ जीवनका लागि एकदमै महत्त्वपूर्ण मानिन्छ । अत्यधिक तनावमा काम गर्ने, ढिलो सुत्ने, पर्याप्त निद्रा नपुग्ने व्यक्तिहरूमा हृदयाघातसम्म पनि हुने गरेको छ । व्यस्त कार्यशैली हुनेहरूमा यस्ता समस्याहरू प्रशस्तै देखिन्छ । उनीहरूको कामको कुनै समय नै हुँदैन ।

सधैँ तनावपूर्ण वातावरण, आरामको कमी, शारीरिक व्यायामको कमी, अव्यवस्थित खानपान, नियमित स्वास्थ्य जाँचको कमी आदि भएपछि यसैगरी, व्यक्तिहरूमा उच्च रक्तचाप, मधुमेहको समस्या देखापर्दछ । यसले गर्दा पछि गएर हृदयाघात, पक्षघातजस्ता भयानक समस्या भोग्नुपर्दछ । धेरैजसो व्यापारी पढेलेखेकै हुन्छन्, स्वास्थ्यमा नराम्रो असर परिरहेको छ भन्ने पनि थाहा हुन्छ तर पनि परीक्षणका लागि समय छुट्याउन सक्दैनन् ।

**डाक्टरसँग नियमित 'फलोअप' नगर्ने बानी**

धेरै बिरामी औषधि सुरु गरेपछि शरीर आराम भएको महसुस भएपछि नियमित औषधि त खान्छन् तर डाक्टरसँग वर्षौंसम्म परीक्षण गराउँदैनन् न त फेरि फेरि रक्तचाप जचाएरै हेर्छन् । कारण सोध्दा औषधि सुरु गरेपछि आफूलाई आराम भएको, कुनै नयाँ समस्या नआएको, घर टाढा भएर आउने मौका नपाएकोजस्ता कुराहरू गर्छन् ।

माथि भनिएजस्तै उच्च रक्तचाप आफैँले शरीरका विभिन्न अङ्गहरूमा असर पुऱ्याइरहेको हुन्छ । त्यसमाथि नियमित औषधि खानेहरूलाई औषधिको साइडइफेक्ट पनि हुनसक्ने सम्भावना रहन्छ । आफूलाई केही गाह्रो नभए पनि डाक्टरसँग नियमित कम्तीमा छ महिनामा एकचोटि चेकजाँच गराउने गरेमा शरीरमा कुनै किसिमको हानिनोक्सानी हुन लागेको भएमा तुरुन्तै पत्ता लाग्छ र भविष्यमा हुनसक्ने क्षतिबाट जोगिन सकिन्छ ।

कति बिरामीहरू औषधि नखाने तर करेला, मेथी, निमको पात, घ्यूकुमारी खाने, आयुर्वेदिक उपाय गर्ने, योगा, ध्यान गरेरै प्रेसर ठीक पार्छु भनेर अड्डी कस्छन् । यसमा म के भन्छु भने जसरी हुन्छ, रक्तचाप नियन्त्रणमा आउनुपऱ्यो । माथि उल्लेखित सबै कुरा गर्दा कुनै नकारात्मक असर त पर्दैन । तर, यी सबै पनि गर्नुस्, उच्च रक्तचाप नाप्दै पनि गर्नुस्, यस्ता कुराहरूले उच्च रक्तचाप नियन्त्रण भएन भने औषधि त खानैपर्छ ।

**गुगल गर्ने बानी**

एउटा वर्गको मानिसहरूमा जे पनि इन्टरनेटमा पढेर सम्पूर्ण जानकारी लिने प्रवृत्ति हुन्छ । यसो गर्नु एक किसिमले राम्रो पनि हो तर पूर्ण कुरा प्रस्ट नबुझिएको खण्डमा यसको नकारात्मक असर पनि पर्दछ । कुनै रोगका बारेमा पढ्दै जाँदा कतिपय प्राविधिक शब्दहरू, मेडिकल भाषा सबैले प्रस्ट बुझ्ने कुरै भएन । अनि यो भनेको यसो होला भन्दै अनुमानित अर्थ लगाउँदै बस्ने अनि त्यस विषयमा लेखिएका कुनै रोगका लक्षणहरू आफैँलाई भएको जस्तो लाग्ने, म त ज्यादै रोगी भएछु भन्ने मनस्थितिको विकास हुने, अब म मर्छु भन्ने जस्ता निराशावादी सोचको विकास हुनेजस्ता समस्या पनि भएको पाइएको छ । इन्टरनेटमा लेखिएका कुराहरू प्रस्ट बुझ्ने क्षमता पनि हुनुपर्छ । कुनै कुरा नबुझे सम्बन्धित चिकित्सकसँग परामर्श गर्नुपर्छ । हैन भने यस्तो सामग्री नपढ्नु नै राम्रो हुन्छ ।

उच्च रक्तचापको नकारात्मक असरहरूबाट बच्न मानिस आफ्नो स्वास्थ्यको कुरामा अझ बढी सचेत हुन जरुरी छ । साधारणतया उमेर ४० वर्षको वरिपरि पुगेपछि यदि भविष्यमा स्वस्थ भएर बाँच्ने, लामो समय बाँच्ने हो भने विशेषगरी केही कुराहरू, दैनिक स्वस्थ खाना खाने, रक्सी चुरोट, सुर्ती तथा कुनै नशा सेवन नगर्ने, नियमित शारीरिक व्यायाम गर्ने तथा मानसिक तनावबाट टाढा रहने आदि कुराहरू पालना गर्नैपर्ने देखिन्छ किनकि उमेरले ४० छोएपछि मानिसलाई धेरै रोगले छुन थाल्दछ ।

*(वरिष्ठ मुटुरोग विशेषज्ञ डा. श्रेष्ठ ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा कार्यरत हुनुहुन्छ)* **रासस**


## श्रद्धा बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर वडा नं.- ७, जगाती

## ऋण चुक्ता भुक्तान गर्ने तथा धितो लिलामसम्बन्धी पुन: ३५ दिने अत्यन्त जरूरी सूचना

**पुन: सूचना प्रकाशित मिति : २०८३/०२/०६ गते**

यस श्रद्धा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित सदस्यले लिनुभएको घरजग्गा धितो शीर्षकमा कर्जाको समयसमयमा सहकारीलाई तिर्न बुझाउनुपर्ने सावाँ, ब्याज, किस्ता तथा ब्याजसमेतको रकम नबुझाई संस्थासँग गरेको कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सहकारीले सम्पूर्ण लेना रकम चुक्ता गर्न बारम्बार मौखिक तथा लिखितरूपमा सूचना गर्दासमेत कर्जा चुक्ता भुक्तान नगरेको र स्थानीय 'मजदुर' दैनिक पत्रिकामा मिति २०८१/०९/१६ गते पहिलो पटक कर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक 'हिमालय टाइम्स' पत्रिकामा मिति २०८२/०५/०९ गते दोस्रोपटक कर्जा चुक्ता गर्नको लागि २१ दिने सार्वजनिक सूचना, राष्ट्रिय दैनिक 'हिमालय टाइम्स' पत्रिकामा मिति २०८२/०९/१४ गते तेस्रोपटक कर्जा चुक्ता गर्नको लागि ७ दिने सार्वजनिक सूचना र राष्ट्रिय दैनिक 'हिमालय टाइम्स' पत्रिकामा मिति २०८२/११/०६ गते धितो लिलामसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा विभिन्न कारणबस धितो लिलामी प्रक्रिया रोकिएकाले पुन: ऋण चुक्ता भुक्तान गर्ने तथा धितो लिलामसम्बन्धी ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तपसिलको ऋणीले अविलम्ब यस संस्थामा सम्पर्क राखी उक्त कर्जाको सम्पूर्ण बाँकी सावाँ, ब्याज हर्जाना तथा अन्य दैदस्तुरसमेत बक्यौता रकम भुक्तानी गरी ऋण सुरक्षणमा राखिएको आफ्नो सम्पत्तिको संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । उक्त मितिभित्र नतिरे नबुझाएमा संस्थाको ऋण नीति, सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित कानुनबमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६ औँ दिन तल उल्लेखित मिति समय र स्थानमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपसिलको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरूलाई समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफै सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्थाले आफै सकार गरिलियो भनी कहीँकतै उजुर बाजुर गर्न पाउनुहुने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस संस्थाको सावाँ, ब्याज, हर्जाना र अन्य खर्चसमेत तपसिलबमोजिम सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५ को ३०(१)(घ) तथा प्रचलित कानुनबमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गर्ने व्यहोरासमेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको नाम, ठेगाना | धितो विवरण | ऋणीको फोटो |
|---|---|---|---|
| १. | **ऋण नं.** ६३००१७६<br>**ऋणीको नाम :** गणेशमान ख्याजु<br>**ना.प्र नं.:** २९।५७६<br>**ठेगाना :** भ.न.पा ६, भक्तपुर<br>**बुबा :** गणेशबहादुर ख्याजु<br>**बाजे :** आसनारायण ख्याजु<br>**जमानी बस्ने**<br>**नाम :** किरण ख्याजु<br>**ना.प्र.न. :** ०२५१५<br>**ठेगाना :** भ.न.पा ६ ,भक्तपुर<br>**बुबा :** गणेशमान ख्याजु<br>**बाजे :** गणेशबहादुर ख्याजु<br>**साक्षी**<br>**नाम :** नजरमाया ख्याजु<br>**पति :** गणेशमान ख्याजु<br>**ससुरा :** गणेशबहादुर ख्याजु | गणेशमान ख्याजुको नाउँमा मालपोल कार्यालय भक्तपुरमा दर्ता स्रेष्ता कायम रहेको भ.पु.जि. नंखेल १ क स्थित **कि.नं २५५३** को **क्षेत्रफल ०-७-०-० (२२२.५३ व.मि.)** भएको जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत ।<br>**साँवा :** रू. ६५,००,०००/००<br>**ब्याज :** रू.६२,९९,९३९/००<br>**हर्जाना :** रू.८,३६,९८६/००<br>**पत्रपत्रिका, ताकेता दस्तुरसमेत :** ३,४९,०५६/००<br>**जम्मा :** रू.१,३९,८५,९८०/०० (एक करोड उन्चालिस लाख पचासी हजार नौ सय असी रुपैयाँ मात्र ) | <br>**व्यक्तिगत जमानीकर्ता**<br> |

### लिलाम बिक्रीसम्बन्धी अन्य सर्त बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस संस्थाको कार्यालय भवनबाट (फारम दस्तुर रू.१०००/- फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ । बोलपत्र फारममा आफुले बोलकबुल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
२. माथि उल्लेखित धितो सुरक्षण सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि छुट्टाछुट्टै वा एकमुस्ट पेस गर्न सकिनेछ । बोलपत्रका साथ आफूले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत धरौटी रकम यस संस्थामा जम्मा गरेको अथवा यस संस्थाको नाममा रहेको कुमारी बैङ्कको खाता नं ०६३००३७०७९६००००१ मा रकम जम्मा गरी सोको सक्कल भौचर गोप्य शिलबन्दी बोलपत्रसाथ पेस गनुपर्नेछ । गोप्य शिलबन्दी बोलपत्र पेस गर्ने अन्तिम मितिसम्म यस संस्थामा आइपुग्ने गरी पेस गरेको हुनुपर्नेछ ।
३. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पूर्ण रकम संस्थाले तोकिदिएको समयभित्र बुझाई बोल कबुल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र स्वत रद्द भई धरौटी रकम जफत हुनेछ ।
४. स्वीकृत भएको बोलपत्रअनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिला खारेज गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुर, विभिन्न करहरू तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षित रहनेछ । बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खोलेको दिनमा सोही स्थानमा र समयमा लिलाम कार्य हुनेछ । बोलपत्रदाता र निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
६. बोलपत्र सदरबदर हुनुअगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्र रद्द गरी बिनाब्याज धरौटी रकम फिर्ता दिइनेछ ।
७. अन्य सर्तहरू बोलपत्र फारममा उल्लेख गरिएबमोजिम हुनेछ ।

**बोलपत्र पेस गर्ने अन्तिम मिति :** २०८३/०३/०९
**बोलपत्र खोल्ने मिति :** २०८३/०३/१०
**समय :** बिहान ११:०० बजे
**बोलपत्र पेस गर्ने सम्पर्क नं.:** ०१-६६१४७२०
**लिलाम हुने स्थान :** श्रद्धा बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय भवन, सम्पर्क नं.: ०१-६६१४७२०



नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
भक्तपुर

## धरौटी रकम फिर्ता लिन आउनेसम्बन्धी सूचना

**प्रकाशित मिति: २०८३/०२/०६**

यस कार्यालयबाट विगत लामो समयदेखि केही व्यक्ति तथा फर्महरूको नियमानुसार विभिन्न प्रकृतिका धरौटी रकम जम्मा गर्दै आउनुभएको छ । २०८१ साल असार मसान्तसम्म धरौटी फिर्ता ठहर भएका, कार्य सम्पन्न भएका, प्रयोजन समाप्त भएका तथा धरौटीको समयावधि समाप्त भएका र उक्त धरौटी रकम फिर्ताका लागि हालसम्म निवेदन पेस नगरेका व्यक्ति/फर्महरूलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-७ को नियम ६६ र ६७ को उपनियम (२) बमोजिम त्यस्तो धरौटी रकम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र फिर्ता लिन आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र रितपूर्वक धरौटी रकम फिर्ता लिन नआएमा कानुनबजोजिम हुने व्यहोरा यसै सूचनाबमोजिम जानकारी गराइन्छ ।

**नोट**:- धरौटीसम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको आर्थिक प्रशासन शाखाको सम्पर्क नम्बर ९८४३७२३९०३ र ९८४९४२३१८५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## हार्दिक समवेदना



जन्म
१९९७/०१/०१

स्वर्गारोहण
२०८३।०१।३१

हाम्रा आत्मीय मित्र बुद्धिराम बोहजुका पूजनीय पिता **नारायणभक्त बोहजु**को असामयिक निधन भएको आज **७ औं** दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| सुनिल बोहजु | सत्यराम बोहजु | श्यामकृष्ण गाईजु |
| रमेश बोहजु | रमेश धौबंजार | कृष्णसुन्दर लुबंजार |
| किरण लाखेमरु | बिनोद गाईजु | श्याम सुन्दर लुबंजार |
| | राजिप धिङ्ग्री | |

## हार्दिक समवेदना



जन्म :२०२०/०१/०१
निधन :२०८३/०१/२७

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ गोलमढी टोल बस्ने यस संस्थाका सदस्यता नं. १७२६ का सदस्य **शुक्रदेवी तण्डुकार**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म :१९८८/१०/१६
निधन :२०८३/०१/२६

यस संस्थाका सदस्यता नं ४५२५ का सदस्य **न्हुछेराम प्रजापति**को असामयिक निधन भएको बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा.९

'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिक नियमित पढ्नुहोस्

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
भुलाचा-४, भक्तपुर
फोन नं. ६६११३६४

ACCESS BRONZE

## कर्मचारी आवश्यकतासम्बन्धी सूचना

**पुन: प्रकाशित मिति : २०८३/०२/०६ गते**

संस्थाले मिति २०८३/०१/२१ गते प्रकाशन गरेको सूचनामा पर्याप्त आवेदन पर्न नआएको हुनाले पुन: निम्न पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने भएकोले योग्य, सक्षम, इमानदार, स्वउत्प्रेरित र देहायबमोजिमका योग्यता पुगेका कर्मचारीको आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थामा आइपुग्ने गरी दर्खास्त दिनुहुन सूचित गरिन्छ । प्राप्त आवेदकहरूमध्ये छोटो सूचीमा पर्न सफल आवेदकलाई मात्र परीक्षामा सहभागी गराइनेछ ।

| विज्ञापन नं., सेवा सुविधा | योग्यता तथा उमेर | मुख्य जिम्मेवारी | छनोट प्रक्रिया |
|---|---|---|---|
| **विज्ञापन नं.** ००१/२०८२/०८३<br>**पद** : बचत सहायक (बजार प्रतिनिधि)<br>**तह** : तेस्रो<br>**सङ्ख्या** : ३<br>**सेवा सुविधा** : संस्थाको नियमानुसार | १. कम्तीमा वाणिज्य विषयमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण ।<br>२. आधारभूत कम्प्युटर तालिम ।<br>३. वित्तीय क्षेत्रमा कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको वा वित्तीय क्षेत्रमा इन्टर्नसिप गरेको ।<br>४. कम्तीमा दुईपाङ्ग्रे सवारीचालक अनुमतिपत्र प्राप्त गरी चलाउन सक्नेलाई प्राथमिकता दिइनेछ ।<br>५. उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेका । | संस्थाले तोकिएको कार्यक्षेत्र । | प्रयोगात्मक, मौखिक अन्तर्वार्ता वा तोकिएको कुनै |


**दर्खास्त साथ पेस गर्नुपर्ने कागजातहरू**

१. हस्तलिखित निवेदन ।
२. व्यक्तिगत विवरण (बायोडाटा) ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४.नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
५. सम्बन्धित कामको नियुक्तिपत्र र अनुभवपत्रको प्रतिलिपि ।
६. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
७. सवारीचालक अनुमतिपत्रको प्रतिलिपि ।
८. प्राप्त तालिम प्रमाणपत्रको फोटोकपी ।

**नोट** : १. प्रत्यक्ष संस्थामा उपस्थित भई निवेदन पेस गर्नुपर्नेछ ।
२. आवेदन शुल्क रू.२००।- लाग्नेछ ।
३. रित पुगेका आवेदनहरू मात्र दर्ता गरिनेछ ।
४. सम्पर्क मिति अन्तिम मितिको भोलिपल्ट सम्पर्क गर्न सक्नेछ ।

**पदपूर्ति उपसमिति**
श्री बाराही साकोस

## हार्दिक समवेदना



जन्म
१९८८/१०/१६

स्वर्गारोहण
२०८३/०१/२६

यस विद्यालयका सल्लाहकार ज्ञानसागर प्रजापतिका पूजनीय पिता तथा विद्यालयका प्रिन्सिपल विनोद प्रजापतिका हजुरबुबा **न्हुछेराम प्रजापति**को दु:खद निधन भएको **१२ औं** दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवाजनमा हार्दिक समबेदना व्यक्त गर्दछौं ।

**ख्वप्रिङ्ग इङ्गलिस एकेडेमी**
लिबाली, भक्तपुर

## हार्दिक समवेदना




जन्म
१९९३/०७/०१

स्वर्गारोहण
२०८३/०२/०२

यस संस्थाका सञ्चालक सदस्य नारायणभक्त भेलेका पूजनीय पिता तथा संस्थाका सदस्यता नं. २२४७ का सदस्य **कृष्णभक्त भेले** को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना



जन्म
१९८८/१०/१६

स्वर्गारोहण
२०८३/०१/२६

यस क्लवका सदस्य विनोद प्रजापतिका हजुरबुबा **न्हुछेराम प्रजापति**को दु:खद निधन भएकोमा **१२ औं** दिनको पुण्यतिथिको अवसरमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**फ्रेण्डस् अफ् नेसन क्लव**
भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा